# अन्तिम लेखापरीक्षण प्रतिवेदन

## बारागढी गाउँपालिका
## बारा

आर्थिक वर्ष २०७९/८०





महालेखापरीक्षकको कार्यालय
काठमाडौं, नेपाल

# अन्तिम लेखापरीक्षण प्रतिवेदन

## बारागढी गाउँपालिका

## बारा

आर्थिक वर्ष २०७९/८०




महालेखापरीक्षकको कार्यालय
काठमाडौं, नेपाल

# अन्तिम लेखापरीक्षण प्रतिवेदन

## बारागढी गाउँपालिका

## बारा

आर्थिक वर्ष २०७९/८०

महालेखापरीक्षकको कार्यालय
काठमाडौं, नेपाल

## दूरदृष्टि
## (VISION)

**जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय संस्था**

*(Be Credible Institution in Promoting Accountability, Transparency and Integrity)*

## गन्तव्य
## (MISSION)


**राष्ट्रलाई स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने**

*(Provide independent and Quality Audit Service to the Nation)*

## मूल्य मान्यता
## (Core Values)

| | |
|---|---|
| निष्ठा | *(Integrity)* |
| स्वतन्त्रता | *(Independence)* |
| व्यावसायिकता | *(Professionalism)* |
| पारदर्शिता | *(Transparency)* |
| जवाफदेहिता | *(Accountability)* |

# महालेखापरीक्षकको भनाइ



नेपालको संविधानको धारा २४१ मा संघ, प्रदेश र स्थानीय तहको लेखा कानुन बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्य समेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ। त्यसैगरी लेखापरीक्षण ऐन, २०७५ को दफा २० को उपदफा २ मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ । लेखापरीक्षण गर्दा नेपाल सरकारी लेखापरीक्षणमान, लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमलाई आधार लिईएको छ। यस स्थानीय तहको २०७९/८० को लेखापरीक्षणबाट देखिएका व्यहोरा उल्लेख गरी प्रारम्भिक प्रतिवेदन जारी गरिएकोमा सो उपर प्राप्त प्रतिक्रिया समेत विचार गरी राय सहितको प्रतिवेदन जारी गरिएको छ ।

वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको परिपालना, बजेट तथा योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन,खरिद व्यवस्थापन, सार्वजनिक सेवा प्रवाह, आन्तरिक नियन्त्रण प्रणाली, आन्तरिक आय परिचालन, जनशक्ति व्यवस्थापन, जिम्मेवारी एवं जवाफदेहिता लगायतका विषयहरूको अध्ययन, विश्लेषण तथा मूल्याङ्कन गर्नुका साथै स्रोत साधनको प्राप्ति, उपयोग एवं परिचालन सन्दर्भमा मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता समेतलाई दृष्टिगत गर्दै कार्यान्वयनयोग्य सुझाव प्रदान गरी सुशासन कायम गर्न सहयोग गर्नु लेखापरीक्षणको उद्देश्य रहेको छ । समय, जनशक्ति, स्रोतको उपलव्धता लगायतका सीमा रहेता पनि स्थानीय तह सम्म नै उपस्थित भई लेखापरीक्षण सम्पन्न गर्ने नीति लिइएको छ। यसै गरी लेखापरीक्षणको क्रममा स्थानीय तहका पदाधिकारी तथा जिम्मेवार कर्मचारीहरूसँग लेखापरीक्षणबाट देखिएका व्यहोरा उपर छलफल गरिएको छ।

यस वर्ष स्थानीय तहको लेखापरीक्षणबाट कार्यसम्पादनका लागि आवश्यक पर्ने कतिपय कानुन निर्माण हुन बाँकी रहेको, कानुनको पूर्ण परिपालना हुन नसकेको, बजेट अनुशासन कमजोर रहेको, आन्तरिक आय न्यून रहेको, प्रशासनिक तथा अनुत्पादक खर्चमा वृद्धि हुँदै गएको, एउटै योजना समेत टुक्र्याई कार्य गर्ने गरेको, वर्षान्तको खर्च उच्च रहेको, निर्माणको सुनिश्चितता नभएका आयोजनाहरुको समेत परामर्शदाताद्वारा विस्तृत आयोजना प्रतिवेदन तयार गरी खर्च गरेको, जटिल प्रकृतिका कार्यहरू समेत उपभोक्ता समितिबाट गराएको, जनशक्ति व्यवस्थापन हुन नसक्दा सेवा प्रवाह प्रभावकारी हुन नसकेको, स्वीकृत दरबन्दी बेगरका कर्मचारी समेत नियुक्ति गरेको, आन्तरिक नियन्त्रण र लेखाङ्कन तथा प्रतिवेदनमा सुधार गर्नु पर्ने देखिएको, सार्वजनिक सम्पत्ति संरक्षण र उपयोग प्रभावकारी रुपमा हुन नसकेको, स्थानीय तहमा लेखापरीक्षण प्रतिवेदन उपर छलफल र बेरुजु फर्स्यौट सम्बन्धी स्पष्ट कार्यविधि तर्जुमा गर्न बाँकी रहेको जस्ता व्यहोरा देखिएका छन्। त्यस स्थानीय तहसँग सम्बन्धित व्यहोरा सहितको राय संलग्न गरिएको छ । एकै प्रकृतिका व्यहोराहरू वर्षेनी दोहोरिने गरेकोले वित्तीय अनुशासनमा अपेक्षित रुपमा सुधार हुन सकेको छैन । अतः लेखापरीक्षणबाट औंल्याएका ब्यहोराहरू उपर आवश्यक कारबाही गरी वित्तीय अनुशासन कायम गर्नुका साथै सेवा प्रवाहलाई प्रभावकारी बनाउन त्यस स्थानीय तहबाट थप पहल कदमी हुने विश्वास लिएको छु ।

अन्तमा, स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुऱ्याउने स्थानीय तहका पदाधिकारी तथा कर्मचारीप्रति आभार व्यक्त गर्दछु। साथै लेखापरीक्षण कार्यमा संलग्न यस कार्यालयका कर्मचारीहरूको कार्यसम्पादनको लागि विशेष धन्यवाद व्यक्त गर्दछु।

**(तोयम राया)**

**२०८१ जेठ** **महालेखापरीक्षक**

महालेखापरीक्षकको कार्यालय
अनामनगर/बबरमहल, काठमाडौं, नेपाल

## प्रादेशिक लेखापरीक्षण महानिर्देशनालय

मधेश प्रदेश

मितिः २०८१।२।११

प.सं. २०८०।८१

च.नं. १०५

विषयः **लेखापरीक्षण प्रतिवेदन ।**

श्री अध्यक्षज्यू, बारागढी गाउँपालिका,

गाउँ कार्यपालिकाको कार्यालय,

खोपवा, बारा।

१. **कैफियत सहितको राय** — हामीले बारागढी गाउँपालिकाको आर्थिक वर्ष २०७९/८० को प्राप्ति र भुक्तानीको विवरण, त्यससँग सम्बन्धित अनुसूची तथा अन्य विवरणको लेखापरीक्षण गरेका छौं।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक पेस भएको २०८० आषाढ ३१ मा समाप्त भएको आर्थिक वर्ष २०७९/८० को प्राप्ति र भुक्तानीको विवरण र त्यससँग सम्बन्धित अनुसूची तथा अन्य विवरण समावेश भएको वित्तीय प्रतिवेदनले यस पालिकाको वित्तीय कारोबार र प्रतिवेदनसँग सम्बन्धित प्रचलित कानुन बमोजिम सारभूतरूपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ।

२. **कैफियत सहितको राय व्यक्त गर्ने आधार**

२.१. पालिकाले अन्तरसरकारी अख्तियारी, आन्तरिक आय तथा विविध कोष लगायतको वित्तीय विवरण महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्वजनिक क्षेत्र लेखामानको ढाँचा पूर्ण रुपमा प्रयोग गरेर तयार गरेको छैन्।

२.२. लेखापरीक्षणबाट रू.१ करोड ११ लाख ८७ हजार बेरुजु देखिएको छ । सो सम्बन्धमा रु.१२ लाखको बेरुजु प्रतिक्रियाबाट फस्यौंट भई बाँकी बेरुजु असुल गर्नुपर्ने रू.३ लाख ७९ हजार, प्रमाण कागजात पेस गर्नुपर्ने रू.६७ लाख १० हजार, नियमित गर्नुपर्ने रु.२३ लाख ९८ हजार र पेश्की बाँकी रु.५ लाख समेत रु.९९ लाख ८७ हजार रहेको छ । गाउँपालिकाको गतवर्ष सम्म रु.१० करोड ११ लाख १९

हजार बेरुजु बाँकी रहेकोमा हालसम्मको अद्यावधिक बेरुजु रु.१० करोड १ लाख ४० हजार रहेको छ। गाउँपालिकाको बेरुजु वर्गिकरण, अद्यावधिक बेरुजु स्थिति र बेरुजु सम्परीक्षणको व्यहोरा यसैसाथ संलग्न छ।

हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेका नेपाल सरकारी लेखापरीक्षण मान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुन बमोजिम गरिएको छ। वित्तीय प्रतिवेदन तयार गर्ने गाउँपालिकासँग हामी स्वतन्त्र छौं। त्यसका लागि प्रचलित कानुन र स्वीकृत आचारसंहिता अनुसार हामीले कार्य गरेका छौं । लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरू हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा हामी विश्वस्त छौं।

३. **अन्य व्यहोरा -** ऐन नियमको परिपालना, आन्तरिक नियन्त्रण व्यवस्था, सम्पत्तिको संरक्षण, स्रोत साधनको प्राप्ति र उपयोग, बजेट व्यवस्थापन र राजस्व संकलन, सार्वजनिक खरिद व्यवस्थापन, कार्यक्रम स्वीकृति एवं कार्यान्वयन, उपभोक्ता समितिलाई अनुदान वितरण तथा अनुगमन र सेवा प्रवाह लगायतका विषयमा सुधार गर्नुपर्ने देखिएका छन्।

४. **वित्तीय विवरण उपर व्यवस्थापन तथा पदाधिकारीको जिम्मेवारी -** नेपाल सार्वजनिक क्षेत्र लेखामान (नगदमा आधारित) बमोजिम आर्थिक कारोवारको सही र यथार्थ अवस्था चित्रण हुने गरी एकीकृत वित्तीय विवरण तयार गर्ने तथा गल्ती (Fraud) वा त्रुटिका कारणबाट वित्तीय विवरण सारभूत रुपमा गलत आँकडा रहित स्वरुपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागू गर्ने जिम्मेवारी गाउँपालिकाको व्यवस्थापनमा रहेको छ। पालिकाका अध्यक्ष र प्रमुख प्रशासकीय अधिकृत वित्तीय प्रतिवेदन प्रकृयाको अनुगमनका लागि जिम्मेवार हुनेछन्।

५. **वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी -** वित्तीय प्रतिवेदन समग्रमा गल्ती (Fraud) वा त्रुटिका कारण सारभूत रुपमा गलत आँकडा रहित रहेको छ भनी यथोचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो ।लेखापरीक्षणमा यथोचित आश्वस्तताले उच्च स्तरको आश्वस्तता प्रदान गरेको हुन्छ । लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका नेपाल सरकारी लेखापरीक्षण मान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुन बमोजिम लेखापरीक्षण कार्य सम्पादन गरेको अवस्थामा समेत आन्तरिक नियन्त्रण र वित्तीय प्रतिवेदनको प्रकृति, लेखापरीक्षणका विधि तथा लेखापरीक्षण सम्पन्न गर्न लागेको समय जस्ता लेखापरीक्षणका अन्तरनिहित सीमाहरुका कारण वित्तीय विवरण वा आर्थिक कारोवारमा भएका सबै प्रकारका गल्ती (Fraud) वा त्रुटि पत्ता लाग्न सक्ने निश्चितता हुँदैन। वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा फरक पार्ने अवस्था देखिएका गल्ती (Fraud) वा त्रुटिका एक वा समग्र सूचनालाई सारभूत रुपमा गलत आँकडा मानिएको छ ।

( श्यामप्रसाद भण्डारी )

**नायब महालेखापरीक्षक**

## बारागढी गाउँपालिका,

## बारा

### १. चालु वर्ष २०७९।८० को बेरुजु

#### बेरुजु वर्गिकरण (विनियोजन, राजस्व, धरौटी र अन्य कारोबार)

(रु. हजारमा)

<table>
<tr><th colspan="3">प्रारम्भिक बेरुजु</th><th colspan="3">प्रतिक्रियाबाट फस्यौंट</th><th colspan="3">बाँकी बेरुजु</th><th colspan="7">बेरुजु</th></tr>
<tr><th colspan="3"></th><th colspan="3"></th><th colspan="3"></th><th>असुल गर्नु पर्ने</th><th colspan="5">नियमित गर्नुपर्ने</th><th>पेस्की</th></tr>
<tr><th colspan="2">दफा संख्या</th><th rowspan="2">रकम</th><th colspan="2">दफा संख्या</th><th rowspan="2">रकम</th><th colspan="2">दफा संख्या</th><th rowspan="2">रकम</th><th rowspan="2">असुल गर्नु पर्ने</th><th rowspan="2">अनियमित भएको</th><th rowspan="2">प्रमाण कागजात पेश नभएको</th><th rowspan="2">जिम्मेवारी नसारेको</th><th rowspan="2">सोधभर्ना नलिएको</th><th rowspan="2">जम्मा</th><th rowspan="2">पेस्की</th></tr>
<tr><th>सैद्धान्तिक</th><th>लगती</th><th>सैद्धान्तिक</th><th>लगती</th><th>सैद्धान्तिक</th><th>लगती</th></tr>
<tr><td>६८</td><td>६२</td><td>१११८७</td><td>०</td><td>६</td><td>१२००</td><td>६८</td><td>५६</td><td>९९८७</td><td>३७९</td><td>२३९८</td><td>६७१०</td><td>०</td><td>०</td><td>९१०८</td><td>५००</td></tr>
</table>

### २. अद्यावधिक बेरुजु स्थिति (२०७९।८० सम्मको)

(रु. हजारमा)

| जिल्ला | गत वर्ष सम्मको बाँकी | समायोजन | यो वर्ष फस्यौंट | बाँकी बेरुजु | यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु | यो वर्षको बेरुजु | कुल बेरुजु बाँकी |
|---|---|---|---|---|---|---|---|
| बारागढी गाउँपालिका, बारा | १०१११९ | ० | १०९६६ | ९०१५३ | ० | ९९८७ | १००१४० |

### ३. बेरुजु सम्परीक्षणको विवरण

| क्र.सं. | आर्थिक वर्ष | बेरुजुको दफा | छोटकरी व्यहोरा | सम्परीक्षण भएको रकम |
|---|---|---|---|---|
| १ | २०७९।८० (चालु वर्षको) | ५५.७ | सामुदायिक सिकाई केन्द्र ६ वटाको प्रमाण पेश | १२००००० |
| **चालु वर्षको जम्मा** | | | | **१२०००००** |
| १ | २०७८।०७९ (गत वर्षको) | ३२.४ | पथरा खोप केन्द्र निर्माण कार्यको कार्य सम्पन्न प्रतिवेदनको प्रमाण पेश | ४१८८९२९ |
| २ | २०७८।०७९ (गत वर्षको) | २६.२ | अनुगमन भत्ताको प्रमाण पेश | २५७१२५ |
| ३ | २०७८।०७९ (गत वर्षको) | २७ | बिभिन्न ८ कार्यको कार्य सम्पन्न प्रतिवेदनको प्रमाण पेश | ६४८४७५८ |
| ४ | २०७८।०७९ (गत वर्षको) | २२ | बढी भुक्तानीको असुल दाखिलाको प्रमाण पेश | ३५०१७ |
| **गत विगतको जम्मा** | | | | **१०९६५८२९** |
| **कुल जम्मा** | | | | **१२१६५८२९** |

# परिचय

१ **(क) कार्यालय परिचयः-** स्थानीय शासन पद्धति सुदृढ गरी विधायिकी, कार्यकारिणी र न्यायिक अभ्यास संस्थागत गर्दै स्थानीय सरकार सञ्चालन गर्न यस पालिकाको स्थापना भएको हो । स्थानीय सरकारले सञ्चालन गर्ने कार्यमा सहकारिता, सह–अस्तित्व र समन्वय प्रवर्द्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु पालिकाको उद्देश्य रहेको छ । यस पालिकामा ६ वडा रहेको छ भने क्षेत्रफल ३९.९ वर्ग किलोमिटर तथा २९६०० जनसंख्या रहेको छ ।

**(ख) लेखापरीक्षणको उद्देश्य :-** लेखापरीक्षण गरिने निकायको वित्तीय विवरण तथा कारोबारको परीक्षण गरी उचित आश्वस्तता (Reasonable Assurance) प्रदान गर्नु वित्तीय लेखापरीक्षणको उद्देश्य हो । यस कार्यालयको आर्थिक वर्ष २०७९।८० को सबै प्रकारका आर्थिक कारोबारको परीक्षण एवं प्रचलित कानुनको परिपालनाको मूल्याङ्कन गरी प्रतिवेदन गर्नु लेखापरीक्षणको उद्देश्य हुनेछ ।

**(ग) लेखापरीक्षणको क्षेत्र र अवधि :-** यस कार्यालयको विनियोजन, राजश्व, धरौटी, कोष तथा अन्य आय-व्यय, मौज्दात हिसाब, आर्थिक व्यवस्थापन, कार्यक्रम सञ्चालन, जिन्सी व्यवस्थापन, जनशक्ति व्यवस्थापन तथा सेवा प्रवाह लगायत आर्थिक वर्ष २०७९।८० मा सञ्चालित क्रियाकलापलाई लेखापरीक्षण क्षेत्रमा समावेश गरिएको छ । स्थलगत लेखापरीक्षणको अवधि २०८०।९।६ देखि २०८०।९।९ सम्म रहेको छ ।

**(घ) लेखापरीक्षण विधि :-** लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड तथा मार्गदर्शनमा नमूना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा कार्यालयले स्वीकृत गरेको जोखिममा आधारित लेखापरीक्षण योजनाका आधारमा निकायको आन्तरिक नियन्त्रणको परीक्षण तथा विश्लेषणात्मक र विस्तृत परीक्षण विधि अवलम्वनबाट लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । लेखापरीक्षण गर्दा देखिएका व्यहोरा सम्बन्धमा कार्यालय प्रमुख तथा लेखा प्रमुख लगायतका पदाधिकारीहरूसँग छलफल सम्पन्न गरी कायम भएका व्यहोराहरू यस प्रतिवेदनमा समावेश गरिएको छ ।

**(ङ) लेखापरीक्षणको सीमा :-** लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, २०७७ तथा मार्गदर्शनमा नमूना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा महालेखापरीक्षकको कार्यालयले नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणाली (NAMS) अवलम्बन गरी स्वीकृत भएको जोखिममा आधारित लेखापरीक्षण योजना, लेखापरीक्षण गरिएको निकायबाट पेश भएका लेखा एवं सोसँग सम्बन्धित कागजात, विवरण, लिखित प्रतिनिधित्व पत्र, लेखापरीक्षण अनुबन्ध पत्र समेतको आधारमा लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । आम्दानी तथा खर्चलाई नतिजासँग तुलना गरी विश्लेषण गर्नका लागि पर्याप्त भौतिक एवं स्थलगत अवलोकन गर्न भौगोलिक कठिनाइ, समय सीमा, स्रोतको उपलब्धता, प्रमाणको प्रकृति तथा पहुँच जस्ता अन्तर्निहित जोखिमहरु सीमाको रुपमा रहेका छन् । सारभूत रूपमा उल्लेखनीय नदेखिएका व्यहोरालाई प्रतिवेदनमा समावेश गरिएको छैन ।

**(च) लेखापरीक्षणको क्रममा असूलीः** लेखापरीक्षणको क्रममा रु. ३,८४९ असुली भई दाखिला भएको छ ।

२ **आय व्यय**

**स्थानीय संचित कोषः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६९ र ७२ वमोजिम बारागढी गाउँपालिका, गाउँ

कार्यपालिकाले पेश गरेको आय, अनुदान तथा सहायता र स्थानीय सरकारको २०७९।८० को एकिकृत आय-व्यय विवरण समग्र कोषको अवस्था निम्न वमोजिम रहेको छः

| आयतर्फ | | | | व्ययतर्फ | | |
|---|---|---|---|---|---|---|
| सि.नं. | विवरण | रकम | जम्मा रकम | विवरण | रकम | जम्मा रकम |
| १ | गत वर्षको जिम्मेवारी | | ८३०२२०९९ | चालु खर्च | | २०८०२४५६३ |
| | नगद | ० | | पूजीगत खर्च | | ११४१२२६१९ |
| | बैंक | ० | | राजस्व बाँडफाड खर्च | ६४६८४४०५ | |
| | मुल खाता | ७११३४७२३ | | बितीय समानिकरण खर्च | | |
| | आन्तरिक राजस्व खाता | ५२३१५३० | | पूजीगत खर्च | ४२२६३१५६ | |
| | विविध खर्च खाता | ३००९५९३ | | चालु खर्च | १५६१०६२३ | |
| | प्रकोप व्यवस्थापन कोष | १५८५६३९ | | समपुरक अनुदान | ४०००००० | |
| | धरौटी खाता | २०६०६१४ | | आन्तरिक राजश्व खर्च | | |
| २ | राजश्व आय | | | पूजीगत खर्च | ४०५०८२८० | |
| | आन्तरिक राजस्व | | २८६०४७४ | चालु खर्च | १६८१०६६० | |
| | राजश्व बाँडफाँट | | ६४६८४४०५ | शसर्त | | |
| ३ | संघिय सरकारबाट प्रप्त अनुदान | | २६४७१४००० | चालु खर्च | १०६९१२२५६ | |
| | बित्तिय समानीकरण अनुदान | १०७४८५००० | | पूजीगत खर्च | १६१०७४७२ | |
| | सशर्त अनुदान | १५३२२९००० | | प्रदेश सरकार | | |
| | समपुरक अनुदान | ४०००००० | | वित्तिय समानीकरण | | |
| | विषेश अनुदान | ० | | चालु खर्च | ४००६६१९ | |
| ४ | प्रदेश सरकारबाट प्राप्त अनुदान | | २०६७९००० | पूजीगत खर्च | ९५६२७१ | |
| | वित्तिय समानीकरण | ८१७९००० | | सर्शत अनुदान | १०२८७४४० | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | अनुदान | | | | | |
| | सर्शत अनुदान | १२५००००० | | प्रशासकिय भवन | | १२९८३८९० |
| | समपुरक अनुदान | ० | | सामाजिक सुरक्षा खाता | | १०३४४३७२८ |
| | विषेश अनुदान | ० | | विविध खाताबाट खर्च रकम | | ६९५९२९९ |
| ५ | विविध खर्च खाता | ० | ४३१०३८५ | संघिय शसर्त अनुदान रकम फिर्ता | | २९७९३२७२ |
| ६ | धरौटी प्राप्त | | ४८६४१८० | प्रदेश अनुदान फिर्ता | | २२१२५६० |
| ७ | प्रशासकिय भवन निर्माण | १२९८३८९० | १२९८३८९० | धरौटी फिर्ता | १७८८०४४ | १७८८०४४ |
| ८ | सामाजिक सुरक्षा खाता | १०३४४३७२८ | १०३४४३७२८ | बैङ्क मौज्दात | | ९०४६७६३६ |
| ९ | १५ शैया अस्पताल निर्माण | ७०००००० | ७०००००० | मुल खाता | ८३३७७६३४ | |
| १० | व्ययतर्फ बढी देखिएको रकम आम्दानी जनाएको | | १२३३४५० | धरौटी खाता | ५१३६७५० | |
| | | | | विपद व्यवस्थापन कोष खाता | १५८५६३९ | |
| | | | | विविध खर्च खाताबाट | ३६७६१३ | |
| जम्मा | | | **५६,९७,९५,६११** | | | **५६,९७,९५,६११** |

आय देखाएको- पालिकाले पेश गरेको एकिकृत आय व्यय विवरणमा बैंक बढी देखिएको रु.१२३३४५०/- आय देखाइ हिसाव बराबर देखाएको छ। बैंक बढी देखिएको रकम अ्न्य आय देखाई आगामी बर्षहरुमा जिम्मेवारी समेत देखाइ हिसाव मिलान गर्दै जानुपर्दछ।

## लेखापरीक्षणबाट देखिएका व्यहोराहरु

३ **जिम्मेवारी घटी सारेको** -स्थानीय संचितकोष व्यवस्थापन प्रणाली सुत्रबाट तयार भएको आ.व २०७९।८० को वितिय प्रतिवेदन म.ले.प.फा. नं २७२ को अनुसुचीमा संचितकोषमा गतवर्षको मौज्दात रु १०६४८४५५२ बांकी देखाएकोमा यो वर्ष रु ७३१९४३३७ जिम्मेवारी सारेको देखिएकोले रु ३३२८९२१५ घटी जिम्मेवारी सारेको सम्बन्धमा एकिन गरी हिसाव मिलान गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

४ **आन्तरिक नियन्त्रण प्रणाली** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागू गर्नुपर्ने व्यवस्था छ । पालिकाले त्यस्तो प्रणाली तयार गरी लागू गरेको पाईएन। जसले गर्दा पालिकाको आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको र सोमाथि विश्वस्त हुन सक्ने अवस्था छैन । यस सम्बन्धमा देखिएका केही व्यहोराहरु देहायबमोजिम रहेका छन:

- जिन्सी निरीक्षण प्रतिवेदन अनुसार लिलाम विक्री र मर्मत नभएको,
- आन्तरीक लेखापरीक्षण गराएको फस्यौंट नगराएको,
- भ्रमण अभिलेख खाता नराखेको ।

तसर्थ, आन्तरिक नियन्त्रण प्रणाली तयार गरी पालिकाको कार्य सञ्चालन तथा व्यवस्थापनलाई प्रभावकारी बनाउनुपर्दछ ।

सैद्धान्तिक बेरुजु

५ **जिन्सी निरीक्षण** - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ९९ मा सोही नियमावलीको नियम ९४, ९५ र ९६ बमोजिम जिन्सी मालसामानको लगत खडा गरी राख्नुपर्ने, सोको निरीक्षण गरी प्रतिवेदन तयार गर्नुपर्ने, प्रतिवेदनमा उल्लेखित सामान मध्ये मर्मत गर्नुपर्ने सामान ३ महिना भित्र र लिलाम गर्नुपर्ने सामान ६ महिना भित्र लिलाम गरी सक्नु पर्ने व्यवस्था छ। तर पालिकाले यस वर्ष जिन्सी निरीक्षण गराई प्रतिवेदन तयार गरेकोमा मर्मत गर्नुपर्ने मालसमान भए ३ महिना भित्र र लिलाम गर्नुपर्ने मालसमान ६ महिनाभित्र लिलाम गर्नुपर्ने देखिन्छ।

सैद्धान्तिक बेरुजु

६ **आन्तरिक लेखापरीक्षण** - स्थानीय तह सञ्चालन ऐन, २०७४ को दफा ७७ (२) मा स्थानीय तहले आर्थिक कारोबारको नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारिताको आधारमा प्रत्येक त्रैमासिक समाप्त भएको एक महिना भित्र आन्तरिक लेखापरीक्षण गराउनु पर्ने उल्लेख छ। तर यस पालिकाले यस वर्षको आर्थिक कारोबारको आन्तरिक लेखापरीक्षण गराइ प्रतिवेदन पेश गरेको छ। प्रतिवेदनमा उल्लिखित व्यहोरा तथा कैफियतहरुलाइ फर्छ्यौट तथा सुधार गरेको देखिएन । तसर्थ कानुनमा तोकिए बमोजिम आर्थिक कारोबारको आन्तरिक लेखापरीक्षण गराई आन्तरिक नियन्त्रण प्रणालीलाई प्रभावकारी बनाउनेतर्फ ध्यान दिनुपर्दछ ।

सैद्धान्तिक बेरुजु

७ **वार्षिक खरिद योजना/गुरुयोजना** : सार्वजनिक खरिद ऐन, २०६३ ले सार्वजनिक निकायले तोकेको सीमाभन्दा बढी रकमको खरिद गर्दा तोकिए बमोजिमको खरिद गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्ने व्यवस्था छ । यस्तै सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७ ले वार्षिक रु.१० करोडभन्दा बढीको खरिद गर्दा गुरुयोजना तयार गर्नुपर्ने नियम

८ ले वार्षिक रु.१० लाखभन्दा बढीको खरिद गर्दा वार्षिक खारिद योजना बनाउनुपर्ने व्यवस्था छ। यस पालिकाले विभिन्न शीर्षक अन्तर्गत वार्षिक रु.९९२८९२८६ पूँजीगत खर्च/खरिद निर्माण कार्य गरेको छ। तर पालिकाले आफ्नो खरिद नियमावली नबनाएको अवस्थामा उक्त ऐन, नियम बमोजिम वार्षिक खरिद योजना र गुरुयोजना नबनाई खरिद कार्य गरेको देखियो । अतः पालिकाले उक्त नियमावली बमोजिम खरिद योजना/गुरुयोजना बनाई व्यवस्थित र प्रभावकारी हुने गरी खरिद कार्य गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

८ **दरबन्दी तथा पदपूर्ति** – पालिकाको लागि संघिय मामिला तथा सामन्य प्रशासन मन्त्रालयबाट २०७५ सालमा स्वीकृत भएको दरबन्दी संरचना अनुसार विभिन्न पदमा १२६ जनाको दरबन्दी रहेकोमा ८१ पदपूर्ति भएको र ४५ जना रिक्त देखिएकोले पदहरु रिक्त देखिएकोले सम्बन्धित निकायबाट पदपूर्ति गर्नु पर्दछ ।

सैद्धान्तिक बेरुजु

९ **आर्थिक सहायताः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा स्थानीय तहको रकमबाट आर्थिक सहायता, चन्दा, पुरस्कार एवं संस्थागत अनुदान वितरण गर्न पाउने व्यवस्था रहेको देखिंदैन । यस पालिकाले विभिन्न प्रयोजनको लागि यो वर्ष व्यक्ति एवं संघ संस्थालाई आर्थिक सहायता कार्यविधि २०७५ को पालना गरी रु ८५७००० वितरण गरेको पाइयो । यस्तो खर्चमा मापदण्ड तयार गरी लागु गरेको भए पनि यस्तो खर्चलाइ नियन्त्रण उन्मुख हुनुपर्दछ ।

सैद्धान्तिक बेरुजु

१० **वित्तीय विवरणको यथार्थता** - पालिकाको आर्थिक कार्यप्रणालीको लेखाङ्कनको गर्न स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (सुत्र) प्रयोगमा रहेको छ । आर्थिक कारोबार गर्दा सुत्रको प्रयोग गरी सम्पूर्ण आर्थिक कारोवारको लेखाङ्कन तथा प्रतिवेदन गर्नुपर्दछ भने सोही प्रणालीबाट स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७२) तयार गर्नुपर्छ । पालिकाले सामाजिक सुरक्षा तथा संरक्षणको रु १०३४४३७२८ र एकिकृत स्वास्थ्य पुर्वाधार विकास आयोजना को रु ७०००००० र स्थानीय तह प्रशासकिय भवन पुर्वाधार विकास कार्यक्रममा रु १२९८३८९० सुत्रमा लेखाङ्कन गरेको छैन । जसले गर्दा सुत्रबाट तयार भएको वित्तीय विवरण समेत पूर्ण नहुँदा पालिकाको यथार्थ आर्थिक अवस्थाको चित्रण गरेको छैन । तसर्थ सबै आर्थिक कारोबार सुत्र मार्फत हुने र सबै कारोबार वित्तीय विवरणमा समावेश गर्ने व्यवस्था गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

११ **प्रोत्साहन भत्ता** – १२३।०७९।१०।२६ स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८६(१) बमोजिम स्थानीय सेवा गठन सञ्चालन व्यवस्थापन सेवाको शर्त तथा सुरक्षा सम्बन्धी आधारभुत सिद्धान्त र मापदण्ड संघीय कानुन बमोजिम हुने व्यवस्था छ। तर पालिकाको २०७९।१०।६ को निर्णयले पालिकाको कार्य प्रक्रिया र उपलब्धीको बारेमा लेखा जोखा गरी सवल र दुर्वल Lisa स्थानीय तह वितिय सुशासन जोखिम मुल्याङ्कन FRA को सुचांक बनाउने कार्यमा सहभागी भइ काम गरेको भनि कर्मचारीहरुलाइ थप तलब तथा प्रोत्साहन भत्ता दिन गरी कुनै कानुन नवनाई निर्णयको आधारमा खर्च

गरेको छ। यस्तो खर्च दिनै पर्ने अवस्थामा आन्तरीक स्रोतबाट व्यहोर्ने गरी दिन सकिनेमा राजस्व बांडफांडबाट प्रमुख समेत जना ७ लाइ थप सुविधा खर्च रु २३८९४१ गरेको देखिएकोले यस्तो खर्चमा नियन्त्रण गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

१२ **वित्तीय प्रतिवेदन** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को नियम ७२ मा नेपाल सरकारले निर्धारण गरे बमोजिमको आय र व्ययको वर्गीकरण तथा खर्च शीर्षक सम्बन्धी व्यवस्था अवलम्बन गर्नुपर्ने तथा नियम ७६(२) मा महालेखा परीक्षकबाट स्वीकृत भए बमोजिमको ढाँचामा लेखा राख्नुपर्ने व्यवस्था गरेको छ । पालिकाले २०७६।२।१९ मा महालेखापरीक्षकबाट स्वीकृत भएको सार्वजनिक क्षेत्र लेखामान (NPSAS) अनुसार लेखाङ्कन तथा प्रतिवेदन गर्नुपर्दछ । पालिकाले उपलव्ध गराएको स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं.२७२) सम्बन्धमा निम्नानुसार देखिएको छः

| **विवरण** | **गतवर्षको जिम्मेवारी** | **यसवर्षको प्राप्ति** | **यसवर्षको भुक्तानी** | **बैङ्क मौज्दात** |
|---|---|---|---|---|
| सुत्र अनुसारको वार्षिक प्रतिवेदन म.ले.प.फा.नं.२७२ | ७३१९५३३७ | ३६५८१५७५३ | ३१४७५३९५१ | ११५५१६७३० |
| एकीकृत आर्थिक विवरणअनुसार | ८२२०४०९९ | ४८७०५५६१९ | ४७८७८२०८२ | ९०४६७६३६ |
| फरक | ९००८७६२ | १२१२३९८६६ | १६४०२८१३१ | २५०४९०९४ |

सैद्धान्तिक बेरुजु

१३ **बैङ्क हिसाव विवरण** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७६ अनुसार पालिकाको कारोवार, आय व्ययको लेखा प्रणाली तथा राजश्व र खर्च शीर्षकको वर्गीकरण अनुसार राख्नु पर्ने व्यवस्था छ । पालिकाले म.ले.प.फा.नं.२१२ तयार गरी बैङ्क हिसाव विवरण भिडान गरेको देखिएन । पालिकाले बैङ्क हिसाव विवरण तयार नगरेको कारण निम्नानुसारको खातामा स्रेस्ता र वर्षान्तको बैङ्क मौज्दातमा देहाय अनुसार फरक परेको देखिएकोले बैङ्क हिसाव मिला न विवरण तयार गरी श्रेस्ता र बैङ्क बराबर देखाउनु पर्दछ ।

| **क्र.सं** | **खाताको नाम** | **श्रेस्ता अनुसार बाँकी** | **बैंक स्टेटमेण्ट अनुसार बाँकी** | **फरक** |
|---|---|---|---|---|

| | | | | |
|---|---|---|---|---|
| १ | ग१.१आन्तरिक राजस्व खाता | ० | ० | |
| २ | ग१..२बाँडफाँडबाट प्राप्त राजस्व खाता | ० | ० | |
| ३ | ग१. ३ आन्तरीक अनुदान खाता | ० | ० | |
| ४ | ग१२.२ चालु खर्च खाता जोर वर्ष | ३१२४७६१९ | २९६८१५६२ | १५६६०५७ |
| ५ | ग२.४ पुँजीगत खर्च खाता जोर वर्ष | ३२७५४७६१ | ११६८९८५१ | २१०६४९१० |
| ६ | ग२.७ विविध खर्च खाता | १०६१३२८.०३ | ३६७६१६ | ६९३७१२.०३ |
| ७ | स्थानीय धरौटी खाता | ५१३६७५० | ५१३६७५० | ० |
| ८ | स्थानीय तह सञ्चित कोष खाता | ४५३१६२७२ | ८३३७७६३४.९२ | ३८०६१३६२.९२ |
| ९ | ग ७.२ प्रकोष व्यवस्थापन खाता | ० | ० | |
| | **जम्मा** | **११,५५,१६,७३०.०३** | **१३,०२,५३,४१०.९२** | **१,४७,३६,६८०.८९** |

माथि उल्लेखित विवरण अनुसार श्रेस्ता अनुसार बाँकी रु. ११,५५,१६,७३०.०३ बैंक स्टेटमेण्ट अनुसार बाँकी रु. १३,०२,५३,४१०.९२ फरक रु. १,४७,३६,६८०.८९ देखिएकोले हिसाव मिलान गर्नु पर्दछ ।

सैद्धान्तिक बेरुजु

१४ **गैररकारी संस्थाबाट कार्य-** सार्वजनिक खरीद नियमावली २०६४को नियम ९९ बमोजिम कामको आवश्यकता किसिम समयावधि जनशक्तीको व्यवस्था आदीलाइ ध्यानमा राखी कामको लागत अनुमान तयार गरी लागत अनुमान स्वीकृती गराइ गैरसरकारी संस्थाबाट १० लाख सम्मको काम गराउन सकिने व्यवस्था छ । पालिकाले लागत अनुमान तयारी र स्वीकृत नगराइ प्रस्तावको आधारमा बजेटमा उल्लेखित रकमलाइ नै आधार मानी कार्यक्रम सञ्चालन गर्न दिई रु.४६००००० भुक्तानी गरेकोमा लागत अनुमान स्वीकृती नभएको संस्थाको लेखापरीक्षण प्रतिवेदन नभएको देखिएकोले सो समेत माग गरी कार्यक्रम सञ्चालनको व्यवस्था हुनुपर्दछ।

सैद्धान्तिक बेरुजु

१५ **खर्च बिश्लेषणः** पालिकाले यसवर्ष कुल आन्तिरक आयबाट रु.१३१४५७४ राजस्व बाँडफाँड र अनुदानबाट रु.३५२९३७८७९ समेत रु.३५४२५२४५३ आम्दानी भएकोमा चालुतर्फ रु.२०८०२४५६३ पूँजिगततर्फ रु.११४१२२६१९ र वित्तीय ब्यबस्थातर्फ रु.८७४७३४३ समेत रु.३३०८९४५३६ खर्च भएको छ। खर्च मध्ये आन्तरिक आयको हिस्सा ०.३९ प्रतिशत रहेको छ। यसवर्ष पदाधिकारी सुबिधामा रु.१०२९२४०० खर्च भएको छ। जुन आन्तरिक आयको ७८२ प्रतिशत रहेको छ। पालिकालाई प्राप्त भएको सबै अनुदान र राजस्व बाँडफाँडको रकमबाट ४७ प्रतिशत चालु र .. प्रतिशतमात्र पूँजिगत निर्माणमा खर्च भएको देखिन्छ। यसबाट पालिकाले विकास निर्माण कार्यक्रम सञ्चालनमा न्युन खर्च गरी प्रशासनिक कार्यमा बढी खर्च गरेको देखिन्छ। प्रशासनिक खर्च नियन्त्रण गर्दै प्राप्त अनुदान र राजस्व बाँडफाँडको रकम अधिकरुपमा विकास निर्माणमा परिचालन गरिनुपर्दछ।

सैद्धान्तिक बेरुजु

१६ **इन्धनमा बढी खर्चः** स्थानीय तहका पदाधिकारी तथा सदस्यले पाउने सुविधाको सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन, २०७७ को अनुसूचिमा पालिका अध्यक्ष तथा उपाध्यक्षलाई प्रति महिना १००/१०० लि. उपलब्ध गराउने व्यवस्था छ। पालिकाको अभिलेख परीक्षण गर्दा देहाय अनुसार इन्धन सुविधामा रु.५८२२५० भुक्तानी भएको देखिएकोले नियमसंगत नदेखिएको रु.

| पदाधिकारी | पाउने इन्धन लि बार्षिक | खर्च लिटर बार्षिक | बढी लिटर बार्षिक | दर | जम्मा खर्च मु अ.कर सहित बार्षिक |
|---|---|---|---|---|---|
| अध्यक्ष | १२०० | १८५१ | ६५१ | १७० | ११०६७० |

| | | | | | |
|---|---|---|---|---|---|
| उपाध्यक्ष | ० | ८०० | ८०० | १७० | १३६००० |
| पालिका सदस्य २९ | ० | १९७४ | १९७४ | १७० | ३३५५८० |
| **जम्मा** | | | | | **५८२२५०** |

| | |
|---|---|
| अनियमित भएको | ५,८२,२५० |

१७ **वितरणमुखी खर्च-** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ मा स्थानीय तहले उपयोगिता सिर्जना हुने गरी अधिकतम प्रतिफल दिने कार्यक्रम छनौनट गरी कार्यान्वन गर्नुपर्ने व्यवस्था छ। पूंजी निर्माणमा सहयोग नरहने उत्पादन बृद्धि नगर्ने किसिमका खर्चलाइ नियन्त्रण गर्नुपर्नेमा पालिकाले विभिन्न संघ संस्था समुह क्लव लागायतलाइ प्रस्तावको आधारमा रकम उपलब्ध गराएको देखिएकोले यस्ता खर्चलाइ कानुनद्वारा व्यवस्थित गरी खर्चमा नियन्त्रण गर्नुपर्ने देखिन्छ।

| **भौ.नं.र मिति** | **विवरण** | **रकम** |
|---|---|---|
| २३४।०७९।२।२५ | जेष्ठनागरीक सम्मान कार्यक्रम ११०० दोसल्लाह खरी | ४९४९०० |
| २५८।०८०।३।१७ | होली मिलन कार्यक्रम खर्च भुक्तानी | २००००० |
| २८०।०८०।३।२० | जेष्ठनागरी स्वास्थ्य प्रवर्धन कार्यक्म खर्च | ४९७५० |

| |
|---|
| सैद्धान्तिक बेरुजु |

१८ **नन्फाइलरः-** मूल्य अभिबृद्धि कर ऐन, २०५२ को दफा ७ बमोजिम असुल गरेको मूल्य अभिबृद्धि कर निर्माण व्यवसायीले विवरण भरी अर्को महिनाको २५ गतेभित्र सम्बन्धित आन्तरिक राजश्व कार्यालयमा पेश गर्नुपर्ने व्यवस्था रहेको छ। कार्यालयले विभिन्न कार्य वापत मूल्य अभिवृद्धि कर भुक्तानी गरेको निम्न व्यवसायी/सप्लायर्सको लेखापरीक्षण अवधिसम्म सम्बन्धित आन्तरिक राजस्व कार्यालयमा कर विवरण समेत नबुझाई नन्फाइलर भएको पाइएकोले उक्त व्यवसायी/सप्लार्यसलाई भुक्तानी गरेको रु. ३१०९३७.०० मू.अ.कर रकम समायोजन गरेको प्रमाण पेश गर्नुपर्ने रु.

| क्र.सं. | गो.भौ.नं/मिति | व्यवसायी/सप्लायर्स | भुक्तानी रु. | मू.अ.कर | नन्फाइलर मिति |
|---|---|---|---|---|---|
| १ | १३-०८०।०२।२० | आमिर सर्जिकल एण्ड सप्लायर्स | २६८६७१.०० | ३०९०९.०० | २०७९।M।१२ |
| २ | १५-०७९।१२।२१ | शोभा कन्सट्रक्सन एण्ड निर्माण सेवा | ११८६५०.०० | १३६५०.०० | २०७९।M।०७ |
| ३ | १६-०८०।०१।१४ | Air Pro pvt. Ltd. ६१०४५२७५० | १२९८०००.०० | १४९३२७.०० | २०७९।M।११ |
| ४ | २६-०८०।०३।२२ | शुभश्री जयसवाल ट्रेड कन्सर्न | १०१७४५०.०० | ११७०५१.०० | २०७९।M।१२ |
| **जम्मा** | | | | **३१०९३७.००** | |

| प्रमाण पेश नगरेको | ३,१०,९३७ |
|---|---|

१९ **सहकारी नियमन -** सहकारी ऐन, २०७४ को दफा ७३ अनुसार मासिक, चौमासिक, वार्षिक प्रतिवेदन बुझाउनु पर्ने र सहकारी नियमावली, २०७५ को नियम २८(४), सहकारी संस्थाहरुको सुपरीवेक्षण, निरीक्षण तथा अनुगमन निर्देशिका, २०७८ को दफा ३ मा मासिक प्रतिवेदन प्रत्येक महिना ७ गते भित्र एकीकृत सूचना व्यवस्थापन प्रणाली (COPOMIS) दाखिला गर्नु पर्ने व्यवस्था छ । पालिकाले उपलव्ध गराएको विवरण अनुसार पालिकाभित्र ३५ वटा सहकारी संस्था रहेका छन् । पालिका भित्रका सहकारी संस्थाहरुले एकीकृत सूचना व्यवस्थापन प्रणाली (COPOMIS) बाट विवरण दाखिला गरेको पाइएन । त्यसैगरी पालिकाबाट अनुगमन निरीक्षण गरी तयार गरिएको प्रतिवेदन समेत लेखापरीक्षणका क्रममा पेश भएन । जसले गर्दा सहकारीको सञ्चालन अवस्था बारे अध्ययन गर्न सकिएन । तसर्थ ऐन, नियमावली र निर्देशिका अनुसार प्रणालीमा विवरण दाखिला गर्न लगाई सोको प्रभावकारी अनुगमन गर्नु पर्दछ ।

| सैद्धान्तिक बेरुजु |
|---|

२० **उपभोक्ता समिति दर्ता** — सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ मा उपभोक्ता समितिबाट कार्य गराउने व्यवस्था छ । पालिकाले यो बर्ष विभिन्न उपभोक्ता समितिसँग सम्झौता गरी कार्य गराई भुक्तानी गरेकोमा यसरी कार्य गर्न गठन भएका उपभोक्ता समिति दर्ता भएको पाइएन । त्यस्ता समितिहरु स्थानीयस्तरमा सञ्चालित आयोजनाको निर्माण गर्न अस्थायी रुपमा गठन हुने र कार्य सम्पन्न पश्चात् समिति विघटन हुने हुँदा निर्माण कार्य सम्पन्न भएका आयोजना सञ्चालन तथा मर्मत सम्भारमा ती समितिलाई जिम्मेवार बनाउन कठिनाइ हुने र त्यस्ता समितिहरुले आय व्ययको लेखापरीक्षण समेत

नगराउने भएकोले स्थायी संयन्त्र मार्फत् काम गर्ने, गराउने गरी सुधार हुनु पर्दछ ।

सैद्धान्तिक बेरुजु

२१ **सार्वजनिक परीक्षण -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ बमोजिम स्थानीय तहले सार्वजनिक सेवा प्रवाहलाई प्रभावकारी, दिगो र भरपर्दो वनाउन कार्यक्रमको सामाजिक परीक्षण अन्तर्गत सार्वजनिक परीक्षण र सार्वजनिक सुनुवाई गर्नुपर्ने व्यवस्था बमोजिमको कार्य भएको पाइएन । तोकिए बमोजिम सार्वजनिक परीक्षण गरी पालिकाबाट हुने आर्थिक कारोबारमा जवाफदेहिता र पारदर्शिताको प्रवर्द्धन गर्नु पर्दछ ।

सैद्धान्तिक बेरुजु

२२ **जिन्सीको निरीक्षण प्रतिवेदन कार्यान्वयनः** आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियामावली, २०७७ को नियम ९४ बमोजिम जिन्सी मालसामानको लगत खडा गरी राख्नुपर्ने सोको निरीक्षण गरी प्रतिवेदन तयार गर्नुपर्ने प्रतिवेदनमा उल्लिखित सामान तोकिएको अवधिभित्र लिलाम गरी सक्नु पर्ने व्यवस्था छ । गत विगतको मौज्दात र यस बर्ष खरीद भएको सामग्रीको समेत कार्यालयमा कति मूल्यको सम्पत्ति रहेको छ यकिन हुन सकेन । पालिकाले सबै जिन्सी सम्पत्तिको सम्पत्ति व्यवस्थापन प्रणालीमा स्पेशिफिकेसन खुलाई अभिलेख अधावधिक गरी प्रतिवेदन अनुसार जिन्सी सामग्री तोकिएको अवधीभित्र मर्मत तथा लिलाम गरी जिन्सी व्यवस्थापनलाई प्रभावकारी बनाउनुपर्छ ।

सैद्धान्तिक बेरुजु

२३ **कन्टिजेन्सी खर्चः** यस पालिकाले हरेक योजनामा न्युनतम २ प्रतिशतका दरले कन्टिन्जेन्सी कट्टा गरी खर्च गर्ने गरेको देखियो। योजनाको लगत नराखेको कारणले कन्टिन्जेन्सी कति खर्च भयो भन्ने यकिन हुन सकेन । कन्टिन्जेन्सीको समेत खाता नराखेको कारण कति खर्च भयो भन्ने कुराको यकिन हुन सक्ने आधार नै देखिएन । आयोजनागत खर्च स्पस्ट हुने गरी अभिलेख खाता राख्नुपर्नेमा एकमुष्ट रुपमा खर्च गरेको पाईयो । कन्टिन्जेन्सी खर्चलाई व्यवस्थित गर्न निर्देशिका तयार गरी लागू गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

२४ **रकमान्तर**: आर्थिक कार्यबिधि तथा बित्तिय उत्तरदायित्व ऐन, २०७६ को दफा २० बमोजिम कुनै एक अनुदान संकेत अन्तरगतको बजेट उपशिर्षकमा अपुग भएमा सोही शिर्षकमा तोकिएको एक वा एक भन्दा बढी अनुदान संकेत अन्तर्गतको उपशिर्षकमा बचत हुने रकम मध्यबाट बिनियोजन ऐनमा तोकिएको सिमा भित्र रही रकमान्तर गर्न सकिने ब्यवस्था छ । पालिकाको बिनियोजन ऐन, २०७९ मा रकमान्तरको प्रावधान रहेको छैन । सभाको निणर्य बमोजिम बिभिन्न शिर्षकमा (घटाउने रु.५ करोड ६८ लाख १९ हजार र बढाउने रु. ५ करोड ७६ लाख १७ हजार) कुल रू. ५ करोड ७६ लाख १७ हजार अर्थात् कुल बजेट रू. ४० करोड १७ लाख ६० हजारको १४.३४ प्रतिशत रकमान्तर गरी खर्च गरेको देखिन्छ। अतः यस्तो कार्यमा नियन्त्रण हुनुपर्दछ ।

सैद्धान्तिक बेरुजु

२५ **योजना संशोधनः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ मा पालिकाले योजना वनाई कार्यान्वयन गर्ने व्यवस्था रहेको छ। स्वीकृत योजनाको अनुगमन तथा मूल्यांकन समेत गर्नुपर्ने व्यवस्था छ। यस वर्ष कार्यपालिकाले ९५ वटा योजना संशोधनको निर्णय गरेको छ।

सैद्धान्तिक बेरुजु

२६ **ठेक्का अभिलेख -** सार्वजनिक निर्माण कार्य गर्ने हरेक निकायले ठेक्का अभिलेख म.ले.प.फा.नं. ५०७ को ढाँचामा अद्यावधिक गरी राख्नुपर्ने व्यवस्था छ । निर्माण कार्यको विस्तृत अभिलेखांकनको लागि प्रयोग गरिने ठेक्का सम्बन्धी अभिलेखले कूल गर्नुपर्ने कार्य, हाल सम्म भएको कामको परिमाण, मूल्य, कार्य सम्पादन जमानत, पेश्की ग्यारेन्टीको अवस्था, काम सम्पन्न गर्नुपर्ने मिति, भेरिएशन लगायतको जानकारी उपलब्ध हुन्छ । तर कार्यालयले उक्त विवरण देखिने गरी अभिलेख आंशिक रुपमा भरी राखेको पाइयो । अतः स्वीकृत ढाचा अनुसार सवै विवरण खुल्ने गरी ठेक्का अभिलेख अद्यावधिक गरी राख्नु पर्दछ ।

सैद्धान्तिक बेरुजु

२७ **लागत सहभागिता —** पालिकाले आयोजना/कार्यक्रम छनौट गर्दा उपभोक्ता समितिको तर्फबाट नगद लागत सहभागिता जुट्ने आयोजनालाई प्राथमिकता दिनुपर्ने, नगद सहभागिता तोकिएको अवस्थामा सहभागिता वापतको रकम सम्बन्धित स्थानीय तहको खातामा दाखिला गरी सो को भौचर प्राप्त भएपछि मात्र उपभोक्ता समितिसँग योजना सम्झौता गर्नुपर्ने गर्नुपर्दछ । तर पालिकाले लागत सहभागिता सहितका लागत अनुमान तयार गरेको देखिएन । अतः नगद लागत सहभागिता जुट्ने आयोजनालाई प्राथमिकता दिनुपर्दछ।

सैद्धान्तिक बेरुजु

२८ **क्षेत्रगत बजेट र खर्चको स्थितिः** स्थानीय तहको एकीकृत, समानुपातिक र दिगो विकासका क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ । यस पालिकाको २०७९।८० को क्षेत्रगत बजेट र खर्चको स्थिति देहाय अनुसार रहेको देखिन्छ ।

| | | | | |
|---|---|---|---|---|
| १ | आर्थिक विकास | ७१५५०००० | १८३८०५४७ | २५.८३ |
| २ | पूर्वाधार विकास | १२२८३१००० | १५९५९५८५ | ७८.१२ |

| | | | | |
|---|---|---|---|---|
| ३ | सामाजिक विकास | १३८७६९००० | ११५१८०४९१ | ८३ |
| ४ | वातावरण तथा विकास | ० | ० | ० |
| ५ | सुशासन तथा अन्तर सम्बन्ध | १५०५०००० | ११०३५४५६ | ७३.३३ |
| ६ | अन्य कार्यालय सञ्चालन तथा प्रशासनिक | १४१४२२२७३ | ७४१९७८७१ | ६६.५९ |
| **जम्मा** | | **४५,९२,२२,२७३** | **३१,४७,५३,९५१** | |

उपर्युक्त विवरण अनुसार सभाले विनियोजन गरेको बजेट मध्ये सामाजिक विकासमा सबैभन्दा बढी ८३ % प्रतिशत र वातावरण तथा विकासमा सबै भन्दा घटीमा ० प्रतिशत रहेको छ ।

सैद्धान्तिक बेरुजु

२९ **अनुदान फिर्ता –** संघीय एवं प्रदेश सरकारको कानुन एवं कार्यविधि बमोजिम ती निकायबाट स्थानीय तहमा प्राप्त हुने समानिकरण वाहेकका अनुदान खर्च नभई बाँकी रहेको अवस्थामा सम्बन्धित निकायमा फिर्ता गर्नुपर्ने व्यवस्था रहेको छ । प्राप्त विवरण (सुत्रको अनुसूची १२ र २१) अनुसार २०८० असार मसान्तमा देहाय बमोजिमको अनुदान खर्च नभई बाँकी रहेकोमा फिर्ता गरेको देखिएको छ।

| **अनुदान प्रदान गर्ने निकाय** | **अनुदानको प्रकार** | **प्राप्त रकम** | **खर्च रकम** | **बाँकी रकम** |
|---|---|---|---|---|
| **संघीय सरकार** | शसर्त चालु | १२२५२९००० | १०६९१२२५६ | १५६१६७४४ |
| | शसर्त पूँजिगत | ३०७००००० | १६१०७४७२ | १४५९२५२८ |
| | विषेश | ० | ० | |

| | | | | |
|---|---|---|---|---|
| | विशेष अनुदान पूँजीगत | ० | ० | |
| | समपुरक पूँजीगत | ४०००००० | ४०००००० | ० |
| **प्रदेश सरकार** | शसर्त पूँजीगत | १२५००००० | १०२८७४४० | २२१२५६० |
| | विषेश अनुदान चालु | ० | ० | |
| | समपुरक | ० | ० | |
| | **जम्मा** | **१६,९७,२९,०००** | **१३,७३,०७,१६८** | **३,२४,२१,८३२** |

पालिकाले माथि उल्लिखित तालिका अनुसार प्राप्त अनुदान रु.१५,०७,५४,००० खर्च रु.१३,७३,०७,१६८ भएकोमा रु.३,२४,२१,८३२ बांकी मध्ये संघीय अनुदान फिर्ता रु.२,९७,९३,२७१ मिति २०८०।४।१४ मा र मिति २०८०।८।७ मा रु.४,१६,०००, प्रदेश अनुदान रु.२२,१२,५६० मिति २०८०।४।१४ मा फिर्ता गरेको भौचर पेश गरेको छ।

सैद्धान्तिक बेरुजु

३० **बजेट पेश, पारित र अख्तियारी** – स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ मा स्थानीय तहले आगामी आर्थिक वर्षको राजस्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ । सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ। यस पालिकाको उपाध्यक्षले मिति २०७९।३।१० मा रु.४० करोड १७ लाख ६० हजारको बजेट सभा समक्ष पेश गरेकोमा सभाबाट मिति २०७९।३।१० मा पारित भएको छ । यसैगरी स्थानीय तहका प्रमुखले मिति २०७९।६।१४ मा प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको देखिन्छ। आर्थिक वर्षभित्र सम्पन्न गरिसक्ने गरी बजेट, कार्यक्रम र योजना व्यवस्थापन गर्न कानुनले तोकेको अवधि भित्र अख्तियारी दिने गर्नुपर्दछ।

सैद्धान्तिक बेरुजु

३१ **आयको अनुमानः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा बजेट सीमा निर्धारण

समितिले पालिकामा प्राप्त हुने आन्तरिक आयसमेतको ब्यवस्थापन गर्न सक्ने ब्यवस्था छ। पालिकाले पेश गरेको आय/व्यय अनुमान रु. २८,१२,५५० गरेकोमा वास्तविक आय रु. १३,१४,५७४ भएको छ ।आय अनुमानको तुलनामा बास्तविक आय ४६.७३ % देखिएकोले अनुमान यथार्थपरक भएन। २०७९।८० मा केन्द्रीय अनुदानबाट गरेको खर्चका तुलनामा आन्तरिक आयको स्थिति देहाय बमोजिम छ।

| **केन्द्रिय अनुदानबाट खर्च** | **आन्तरिक आय** | **आन्तरिक आय प्रतिशत** |
|---|---|---|
| ४७,८७,८२,०८२ | १३,१४,५७४ | ०.२७ |

उपरोक्त विवरण अनुसार स्थानीय तहमा प्राप्त केन्द्रीय अनुदानबाट भएको खर्चको तुलनामा आन्तरिक आयको हिस्सा ०.२७ % प्रतिशत मात्र रहेको छ। त्यसैले पालिकाको आन्तरिक आय संकलनको दायरालाई फराकिलो पार्दै आन्तरिक आय बृद्धि गर्नेतर्फ ध्यान दिनुपर्ने देखिन्छ।

सैद्धान्तिक बेरुजु

३२ **योजना प्राथमिकीकरण** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ मा स्थानीय तहले आवधिक योजना बनाई लागू गर्नुपर्ने उल्लेख गरेको छ। स्थानीय तहले योजना तथा बजेट तर्जुमा दिग्दर्शन, २०७४ को दफा ५.२.४ सँग सम्बन्धित अनुसूची ३ मा आयोजना प्राथमिकीकरणका आधारहरू गरिवी निवारण, उत्पादनमूलक, रोजगारी, लागत सहभागिता, स्थानीय स्रोत र साधन, समावेशी विकास, दिगो र वातावरण संरक्षण र भाषिक र सांस्कृतिक विकास उल्लेख गरेको छ र सोही अनुसार गणना गरी प्राथमिकता आधारमा योजना छनौट गर्नु पर्ने व्यवस्था छ। तर पालिकाले आर्थिक वर्ष २०७९।८० मा निम्नानुसार ६ वडाको लागि वडास्तरीय ६३ र पालिकास्तरका ६८ गरी कुल १३१ वटा योजनामा वजेट विनियोजन गरेको छ।

| **क.सं.** | **कार्यक्रमको नाम** | **योजना सङ्ख्या** | **रु.२० लाखमाथिका योजना सङ्ख्या** | **रु.५ लाखदेखि रु.२० लाखसम्मका योजना सङ्ख्या** | **रु.५ लाखभन्दा कमका योजना सङ्ख्या** |
|---|---|---|---|---|---|
| १. | पालिकास्तरीय | ६८ | ० | ४५ | ३० |
| २. | वडास्तरीय | ६३ | ७ | १० | |

| | | | | | |
|---|---|---|---|---|---|
| | **जम्मा** | **१३१** | **१०** | **५५** | **७६** |

सैद्धान्तिक बेरुजु

३३ **तलवी प्रतिवेदन-** निजामती सेवा ऐन, २०४९, स्वास्थ्य ऐन, २०५३ तथा शिक्षा ऐन, २०२८ मा तलवी प्रतिवेदन पारित गराएर मात्र तलब खर्च लेख्नु पर्ने उल्लेख छ । पालिकाले यो वर्ष तलवी प्रतिवेदन पारित नगराई गाउँपालिका चालुतर्फ कर्मचारीको रु.१,८२,१९,५८२ खर्च लेखेको छ । तलबी प्रतिवेदन पारित नगरी खर्च लेख्दा पाउने भन्दा बढी तलब भत्ता ग्रेड भुक्तानी हुन सक्ने तथा लेखापरीक्षणको क्रममा भुक्तानीको तुलना गर्न नसकिने भएकोले तलबी प्रतिवेदन पारित गराएर तलब भत्ता भुक्तानी गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

३४ **आन्तरिक आयतर्फ**

३४.१ **राजश्व दाखिला**: आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा २८ अनुसार जिम्मेवार व्यक्तिले आफ्नो जिम्मामा आएको सरकारी नगद रकम सोही दिन दाखिला गरी स्रेस्ता खडा गर्नुपर्ने व्यवस्था छ । साथै सोही ऐन अनुसार तोकिएको समयमा राजश्व रकम दाखिला नगरेमा सम्वन्धित पालिकाले १० प्रतिशत जरीबाना गरी दाखिला गर्न लगाउने तथा कसूरको मात्रा अनुसार प्रचलित कानुन बमोजिम कारवाही समेत गर्न गराउन सक्ने व्यवस्था रहेको छ । कार्यालय अन्तर्गत रु. १३१४५४७।६६ प्राप्त गरेको राजश्व रकम ऐनमा भएको व्यवस्था अनुसार तोकिएको अवधिभित्र दाखिला गरेको छैन्। यसरी ढिला हुने गरी राजश्व रकम बैंक दाखिला भएको अवधिको पालिकाले छानविन गरी जरिवाना रकम असुल गर्नुपर्ने देखिन्छ ।पालिकाले प्राप्त गरेको आन्तरिक राजश्व रकम र बैंकमा दाखिला गरेको विवरणमा पालिकाले विशेष ध्यान दिनुपर्दछ।

सैद्धान्तिक बेरुजु

३४.२ **यन्त्र उपकरण सञ्चालन-** पालिकामा रहेका व्याकहो लोडर, टिपर, रोलर र एम्बुलेन्स यन्त्र उपकरण सञ्चालन उल्लेख गरी पालिकाले इन्धन, चालक पारिश्रमिक, मर्मत वापत गरेको खर्च र सञ्चालन वापतको आय १९७०००.०० रहेको छ । पालिकाले उक्त उपकरण सञ्चालनको लगसिट राखेको छैन भने अर्कोतर्फ लगानी र आय विश्लेषण समेत गरेको पाइएन । उपकरण पालिका आफैले तथा भाडामा सञ्चालन गरेकोमा सो सम्बन्धी कुनै कार्यविधि तयार गरेको पाइएन । मेशिनहरु पालिकाका पदाधिकारीहरुको मौखिक निर्देशनमा समेत सञ्चालन हुने गरेको पाइयो । यसरी सञ्चालन हुँदा यन्त्र उपकरण सञ्चालन व्यवस्थित हुन सकेको छैन भने प्राप्त आय प्रति विश्वस्त हुन सक्ने अवस्था समेत रहेको छैन । पालिकाको उपकरणहरु मार्फत प्रदान गरिने सेवा वा सञ्चालनको आय र व्यय व्यवस्थित रुपमा पारदर्शी तवरले अभिलेख राख्नु पर्दछ। यस्ता उपकरण सञ्चालन गर्दा लागत लाभ विश्लेषण समेत गर्नुपर्दछ।

**व्यवसाय कर:** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ५८ मा गाउँपालिकाले आफ्नो कार्यक्षेत्र भित्र रहेका विभिन्न

व्यवसाय गर्ने व्यक्तिबाट व्यवसाय कर उठाउनुपर्ने व्यवस्था रहेको छ । पालिकाले व्यवसायीहरुको लगत राखी राजस्व असुल गर्नुपर्नेमा व्यवसायीहरुको लगत मात्र राखेको कर रकम संकलन गरेको पाईएन । पालिकाले व्यक्तिगत स्वघोषणाका आधारमा मात्र व्यवसाय दर्ता र नविकरण गर्ने गरेको तथा व्यवसाय दर्ता नभएका व्यवसायहरुको अनुगमन गरेको पाईएन। पालिका क्षेत्र भित्रका व्यवसायीको अभिलेख अध्यावधिक गरी करको दायराभित्र ल्याउनु पर्दछ।

**सवारी करः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६४ मा गाउँपालिकाले आफ्नो क्षेत्र भित्रका सवारीमा तोकिए बमोजिम सवारी दर्ता तथा वार्षिक सवारी कर र आफ्नो क्षेत्रमा आउने सबै प्रकारको सवारीमा तोकिए बमोजिम सवारी कर उठाउने उल्लेख छ । सम्वन्धित निकायसँग समन्वय गरी हरेक वर्ष दर्ता हुने सवारीको अभिलेख राखि कर असुलीलाई प्रभाबकारी बनाउने तर्फ सम्वन्धित निकायको ध्यान जानु पर्दछ ।

**सम्पति करः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा **५५** मा गाउँपालिका तथा नगरपालिकाले आफ्नो क्षेत्रभित्रको घर र घर जग्गामा सम्पति कर लगाउने व्यवस्था गरिएको छ । आर्थिक बर्ष २०७९।०८० मा पालिकाले मालपोत कर बापत रु ४२९२५३।४३ संकलन गरेको पाइयो । यस पालिकाको क्षेत्रभित्र उठ्नुपर्ने एकिकृत सम्पती कर एकिन गरी असुल गर्नुपर्दछ ।

**मनोरञ्जन करः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६४ बमोजिम सिनेमा, भिडियो हल, सांस्कृतिक प्रदर्शन हल, संगीत, थियटर मनोरञ्जन प्रदर्शन स्थल, ऐतिहासिक स्थलको प्रवेश शूल्कमा कर लिनुपर्ने व्यवस्था छ । आर्थिक वर्ष २०७९।०८० मा पालिकाले कुनैपनि मनोरञ्जन कर संकलन गरेको पाईएन । यस पालिकाको क्षेत्रभित्र उठ्नु पर्ने मनोरञ्जन कर एकिन गरि असुल गर्नुपर्दछ ।

**घर जग्गा बहाल करः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ५७ मा गाउँपालिका वा नगरपालिकाको क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले भवन, घर, पसल, ग्यारेज, गोदाम, ठहरा, छप्पर, कारखाना, जग्गा वा पोखरी पुरै वा आंशिक तवरले बहालमा दिएकोमा गाउँपालिका वा नगरपालिकाले त्यस्तो बहाल रकममा बहाल कर लगाउने व्यवस्था छ । आर्थिक बर्ष २०७९।०८० मा पालिकाले रु ३६०००।०० घर जग्गा बहाल कर संकलन गरेको पाइयो। यस पालिकाको क्षेत्रभित्र उठ्नु पर्ने घर जग्गा बहाल कर एकिन गरी असुल गर्नुपर्दछ ।

**वहाल विटौरी करः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा **५९** मा गाउँपालिका तथा नगरपालिकाले आफ्नो क्षेत्रभित्र आफुले निर्माण, रेखदेख वा सञ्चालन गरेको हाट वजार वा पसल वा सरकारी जग्गामा वनेका संरचनाको उपयोग वापत बहाल विटौरी शुल्क लगाउने व्यवस्था छ । आर्थिक बर्ष २०७९।०८० मा पालिकाले कुनैपनि बहाल विटौरी कर संकलन गरेको पाइएन । यस पालिकाले आफ्नो क्षेत्रभित्र उठ्नुपर्ने बहाल विटौरी कर एकिन गरी असुल गर्नुपर्दछ ।

| सैद्धान्तिक बेरुजु |
|---|

३४.३ **सेवा प्रवाह र आम्दानीः** पालिकाले नाता प्रमाणित, घरबाटो सिफारिस, व्यक्तिगत घटना दर्ता सिफारिस लगायतको दस्तुर नगदी रसिदबाट संकलन गरेकोमा के कति संख्यामा उक्त सेवाहरु प्रवाह गर्यो भन्ने खुल्ने सेवा प्रवाहको विवरण तयार गरी पेश गर्न नसकेको कारण सेवा प्रवाह र संकलित राजश्व भिडान गर्न सकिएन । सेवा प्रवाहको विवरण तयार गर्ने परिपाटी तर्फ

पालिकाको ध्यान जानुपर्ने देखिन्छ ।

सैद्धान्तिक बेरुजु

---

३४.४ **स्रेस्ता तथा अभिलेखः** पालिकाले आन्तरिक राजस्व तर्फ निम्नानुसारको स्रेस्ता तथा अभिलेख तयार गरेको पाइएन । स्रेस्ता तथा अभिलेख पूर्ण रुपमा र व्यवस्थित नहुँदा पालिकाले नियमित रुपमा उठाउने मालपोत दस्तुर, सिफारिस दस्तुर, एकिकृत सम्पत्ती कर लगायतका विभिन्न शिर्षकमा प्राप्त गरेको आयको यथार्थता लेखापरीक्षणको क्रममा एकिन गर्न सकिएन । तोकिएका अभिलेख तथा स्रेस्ता तयार नगर्ने तथा व्यवस्थित नगर्ने कर्मचारीलाई कानुन बमोजिम जिम्मेवार बनाइ आन्तरिक आयलाई व्यवस्थित, पारदर्शी, गणनायोग्य तथा तुलनायोग्य बनाईनुपर्दछ ।

- म.ले.प.फा.नं. १०२- दैनिक राजस्व आम्दानी खाता
- म.ले.प.फा.नं. १०३- गोश्वारा भौचर (राजस्व)
- म.ले.प.फा.नं. १०४- राजस्व आम्दानीको शीर्षकगत खाता
- म.ले.प.फा.नं. १०५- राजस्व आम्दानीको गोश्वारा खाता
- म.ले.प.फा.नं. १०६- राजस्व आम्दानीको दैनिक नगद प्राप्त गोश्वारा खाता
- म.ले.प.फा.नं. १०७- राजस्व आम्दानीको दैनिक बैंक भौचर प्राप्त गोश्वारा खाता
- म.ले.प.फा.नं. १०८- राजस्व आम्दानी बैंक नगदी किताब

सैद्धान्तिक बेरुजु

---

३४.५ **आयको प्रक्षेपण तथा प्राप्तिः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को परिच्छेद ९ मा गाँउपालिका तथा नगरपालिका वित्तीय अधिकारक्षेत्रको व्यवस्था गरिएको छ। उक्त परिच्छेद अन्तरगत दफा ५४ देखि ६८ सम्म व्यवस्थाहरुको कार्यान्वयन गर्दै स्थानीय तहहरुले आफ्नो आन्तरिक आय संकलन गर्न सक्ने व्यवस्था अनुरुप पालिका आफैले संकलन गर्ने आय शिर्षकहरुवाट रु.१००००००।०० प्राप्त गर्ने प्रक्षेपण गरेकोमा रु.१३१४५४७.६६ असुली गरेको विवरण पेश गरेको छ। गाउँसभावाट पारित अनुमानको तुलनामा १३.१५ प्रतिशत आय संकलन भई अनुमान भन्दा ८६.८५ प्रतिशत घटि आय प्राप्त भएको देखिन्छ। वित्तीय आत्मनिर्भरता र पालिकाको समग्र विकासको दीर्घकालिन श्रोत व्यवस्थापनको लागि आन्तरिक आयको असुली तथा संकलनको दायरालाई बढाउदै आयको अनुमानलाई यथार्थपरक वनाउनु पर्दछ ।

सैद्धान्तिक बेरुजु

---

## ३५ धरौटीतर्फ

३५.१ **धरौटी फिर्ता** : सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२४ बमोजिम निर्माण व्यवसायीको रिटेन्सन मनि बापत बिलबाट कट्टी गरि राखेको रकम फिर्ता गर्दा आन्तरिक राजस्व कार्यालयमा कर विवरण पेश गरेको प्रमाण पेश गरेपछि मात्र फिर्ता दिनुपर्नेमा व्यवसायीले कर विवरण पेश गरेको प्रमाण वेगर मागको आधारमा धरौटी फिर्ता गरेको देखियो । तसर्थ धरौटी फिर्ता गर्दा कानुनमा भएको व्यवस्थाको पालना हुनुपर्दछ ।

| **गो भौ नं मिति** | **पार्टीको नाम** | **वापत** | **रकम रु** |
|---|---|---|---|
| १२।२०८०।०३।१३ | श्री राम ट्रेडर्स | विभिन्न काम | ४४२४८।०० |

| सैद्धान्तिक बेरुजु |
|---|

३५.२ **धरौटी :** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियम ६४ मा कार्यालयमा प्राप्त भइ खर्च भएर बाँकी धरौटी रकम स्रेस्ता खडा गरी अद्यावधिक अभिलेख राख्नुपर्ने व्यवस्था रहेको छ ।पालिकाको पेश गरेको एकिकृत आर्थिक विवरण अनुसार गत वर्षको जिम्मेवारी रु २०६०६१४.०० यस वर्षको आय रु ४८६४१८०.०० समेत जम्मा रु ६९२४७९४.०० मा फिर्ता खर्च रु १७८८०४४.०० गरी रु ५१३६७५०.०० मौज्दात रहेको देखाएकोमा कुन कुन व्यक्ति वा संस्थाको बाँकी रहेको म्याद नाघेको कति हो विवरण अद्यावधिक गरि राखेको छैन । विवरण अद्यावधिक गराइ राख्नु पर्दछ ।

| सैद्धान्तिक बेरुजु |
|---|

३६ **पेश्की बांकी** - सार्वजनिक खरीद नियमावली, २०६४ को नियम ११३ मा निर्माण व्यवसायीलाई सम्झौता अनुसार सक्झौता रकमको जमानत लिई २०% सम्म पेश्की दिन सकिने र म्यादभित्र फस्र्यौट गर्नुपर्ने व्यवस्था छ। दिइएको रकम तोकिएको म्यादभित्र फस्र्यौट गर्नु गराउनु पेश्की लिने दिने दुवै थरिको कर्तव्य हुने उल्लेख छ। पालिकाले पेश गरेको पेश्की बांकी विवरण अनुसार निम्नानुसारको म्याद ननाघेको पेश्की रु. ७०,००,००० र म्याद नाघेको रु. ५,००,००० रहेकोले फस्र्यौट गर्न बाँकी पेश्की नियमानुसार फस्र्यौट गर्नुपर्ने रु.

| **भौ.नं. र मिति** | **कर्मचारी /व्यवसायीको** | **कामको बिबरण** | **म्यद ननाघेको** | **म्यद नाघेको** | **जम्मा रु.** |
|---|---|---|---|---|---|

| | | | | | |
|---|---|---|---|---|---|
| | **नाम** | | | | |
| १।०८०।३।२४ | आर.वि. अर्वान विल्डर्स एण्ड सप्लायर्स प्रा.लि. हेटौंडा | १५ शैया अस्पताल भवन निर्माण मोविलाइजेसन | ७०००००० | | ७०,००,००० |
| १६१।०७९।११।३० | श्रीनिवास चौधरी | | | ३,००,००० | ३००००० |
| १४५।०८०।३।२१ | ओमप्रकाश चौधरी | अवलोकन भ्रमण बापत | | २,००,००० | २,००,००० |
| | **जम्मा** | | | | **७५,००,०००** |

| | |
|---|---|
| पेश्की | ५,००,००० |

३७ **जिन्सी दाखिलाः** आर्थिक कार्यविधि तथा बित्तिय उत्तरदायित्व नियमावली, २०७७ को नियम ९५ मा कार्यालयलाई प्राप्त मालसमानको बिवरण र मूल्य समेत खुलाई सम्पत्ति तथा जिन्सी समान खातामा आम्दानी बाँधी लगत अद्यावधिक गर्नुपर्ने ब्यवस्था छ। यस कार्यालयले आर्थिक बर्ष २०७९।०८० मा खरिद गरी जिन्सी खातामा आम्दानी जनाएका समानहरूलाई पाम्समा स्पेशिफिकेशन सहितको दाखिला गरेको पाइएन। अतः कार्यालयले जिन्सी दाखिला गर्दा स्पेशिफिकेशन सहितको जिन्सी दाखिला गर्नुपर्दछ।

| **भौ.नं.र मिति** | **समानको नाम** | **मूल्य** | **कैफियत** |
|---|---|---|---|
| १२६।०८०।३।२० | जग्गा वर्गिकरणको प्रतिवेदन (परामर्श सेवा) | १९,८३,४७१ | जग्गा वर्गिकरण सम्बन्धी वडा नं. १ देखि ६ सम्मको ६ वटा प्रतिवेदन पेश भएपनि १ परिमाण भनी पाम्समा जिन्सी दाखिला । |
| १६४।०८०।३।२४ | सवारी साधन (ट्रेक्टर) खरिद | २२,६६,००० | पाम्समा जिन्सी दाखिला गर्दा स्पेशिफिकेशन खुलाई दाखिला गरेको पाइएन। |

सैद्धान्तिक बेरुजु

३८ **(२८-२०८०-३-२२) जिन्सी दाखिला नभएको:** आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व ऐन, २०७६ को दफा ५१ (१) बमोजिम प्रत्येक कारोवारको लेखा राख्दा स्पष्ट विवरण देखिने गरी खर्च सहित लेखा राख्नुपर्ने व्यवस्था छ। कार्यालयले एस.के.इन्जिनियरिङ्ग इण्डष्ट्रिजसँग ट्रस ब्रीज सामाग्री खरिद गरी खर्च लेख्दा पाम्समा दाखिला सहितको विवरण राखेको पाइएन। अतः उक्त सामाग्रीको स्पष्ट स्पेशिफिकेशन सहित रु.१६,९५,००० को पाम्समा दाखिला भएको प्रमाण पेश गर्नुपर्ने अन्यथा सम्बन्धितबाट असूल गरी दाखिला गर्नुपर्ने रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | १६,९५,००० |

३९ **कोटेशनको कार्य**: सार्वजनिक खरीद ऐन, २०६३ को दफा ८(२) बमोजिम तथा नियमावली, २०६४ को नियम ८५ मा रु.१० लाख भन्दा बढीको खरीदमा शिलवन्दी दरभाउपत्र माग गरी खरीद गर्नुपर्ने, एकै प्रकारको समान पटक पटक खरिद गर्न नहुने, प्याकेजमा खरिद गर्न सकिने समानको प्याकेज बनाई प्रतिष्पर्धी मूल्यमा खरिद गर्नुपर्ने तथा एउटै प्रकृतिका समान प्रतिस्पर्धी मूल्यमा खरिद गर्दा प्याकेज तयार गरी खरिद गर्नुपर्ने व्यवस्था समेत छ । कार्यालयले आर्थिक वर्ष २०७९।८० मा बोलपत्र वा शिलवन्दी दरभाउपत्र माग नगरी अधिकांश निमार्णका कार्य कोटेशनद्धारा गरेको देखिन्छ । यसरी योजनाको प्रमाण सहितको अभिलेख राखेको देखिएन । साथै उक्त कार्यको ल्याब परीक्षण समेत गरेको देखिएन । यसरी एउटै प्रकृतिका कार्य फरक फरक लागत अनुमान तयार गरी सोही अधारमा सोझै कोटेशन माग गरी कार्य गर्दा ० प्रतिशत देखि १ प्रतिशत सम्म घटेको मात्र देखिन्छ भने बोलपत्रको माग गरी कार्य गराउँदा करिब १० देखि ४० प्रतिशतसम्म घटी प्रतिस्पर्धा भएको देखिन्छ। यसरी प्रतिस्पर्धा नगरी सोझै रु. १,५९,०३,४६७ कोटेशनद्धारा पालिकाले खर्च लेखेको रकमलाई नियमसंगत हो भन्न सक्ने आधार देखिएन। अतः कार्यालयले यस्ता कार्यमा नियन्त्रण गरी सार्वजनिक खरिद ऐन र नियमावलीको प्रक्रिया पालना गर्नु पदर्छ। यस्ता केही उदाहरण निम्न प्रकार छनः

| **भौ.नं.र मिति** | **योजनाको विवरण** | **निर्माण व्यवसायी** | **भुक्तानी रकम रु.** | **घटी प्रतिशत** |
|---|---|---|---|---|
| १३।०७९।१०।१५ | पोखरीमा माटो पुर्ने कार्य वडा नं. १ | कृष कन्स्ट्रक्सन | ९,०८,०६३ | |
| १७।०७९।१०।२३ | रोड ढलान कार्य वडा नं. २ | महेश्वरनाथ निर्माण सेवा | ५,८३,३२६ | |
| १८।०७९।१०।२६ | अर्जुन सहनीको घरदेखि तनकीरको घरसम्म ढलान | शोभा कन्स्ट्रक्सन एण्ड निर्माण सेवा | ५,८१,६४२ | |
| १९।०७९।१०।२६ | सुरेन्द्र चौधरीको घरदेखि पानालालको वारीसम्म नाला निर्माण दौर्वा | जयसवाल एण्ड कन्स्ट्रक्सन | ६,७६,००० | |

| | | | | |
|---|---|---|---|---|
| २१।०७९।१०।२६ | खोपवा ओनारदेखि कविन्द्र चौधरीको घरसम्म सडक ढलान वडा नं. ३ | सोनाक्षी कन्स्ट्रक्सन | ७,७२,५०८ | |
| ३०।०७९।११।१६ | रोडदेखि सुनिल चौधरीको घरसम्म सडक ढलान | राजेश कन्स्ट्रक्सन | ५,८३,४५३ | |
| ३३।०७९।११।१९ | पछियारी टोल अधुरो ढलान देखि पोखरीसम्म पक्की ढलान पथरा वडा नं. ५ | सोनाक्षी कन्स्ट्रक्सन | ४,७५,९०० | |
| ६२।०८०।१।४ | दलित भवन निर्माण वसतपुर | समिक्षा कन्स्ट्रक्सन | ४,८३,५१५ | |
| ६३।०८०।१।४ | वडा नं. ६ गडहलमा नाला निर्माण तथा सडक ढलान | महागढीमाई कन्स्ट्रक्सन | ९,६२,२३७ | |
| ६४।०८०।१।४ | लखिन्द्र साहको घरदेखि अच्छेलाल साहको घरसम्म सडक ढलान | सीता कन्स्ट्रक्सन | ६,७५,९६४ | |
| ६९।०८०।१।४ | मूल बाटोदेखि चमपवा चमइन घरसम्म सडक ढलान | सागर कन्स्ट्रक्सन | ३,८५,१३६ | |
| ७१।०८०।१।१९ | माइ ब्रह्मको पर्खाल निर्माण तथा ढलान गडहल | सुदामा विल्डर्स | ४,८१,५६६ | |
| ७२।०८०।१।१९ | बैरियाबालीको खेतदेखि स्वास्थ्य चौकीसम्म नाला निर्माण | मनोज कन्स्ट्रक्सन | ८,७१,६३८ | |
| ७४।०८०।१।२५ | जमुनी नदीदेखि इमलीसम्म माटोपुरी ग्राभेल कार्य | लालबाबु कन्स्ट्रक्सन | ४,८३,१२३ | |

| | | | | |
|---|---|---|---|---|
| ७५।०८०।१।२५ | नाला निर्माण मुर्की | नेपाल कन्स्ट्रक्सन एण्ड कन्सल्टेन्सी | ३,८५,७६७ | |
| ८०।०८०।२।५ | पथरामा कल्भर्ट निर्माण कार्य | यमन कन्स्ट्रक्सन | ९,०२,९८३ | |
| ८४।०८०।२।१० | रोडदेखि लक्ष्मी दास थारुको घरसम्म सडक ढलान | देवेन्द्र कन्स्ट्रक्सन | ५,७३,९७२ | |
| ८५।०८०।२।२८ | नाला निर्माण कार्य वडा नं. ४ | जय माँ लक्ष्मी कन्स्ट्रक्सन | ४,६९,०९३ | |
| ८६।०८०।२।२८ | मूल बाटोदेखि दलित टोलसम्म सडक ढलान वडा नं. ४ | जय माँ लक्ष्मी कन्स्ट्रक्सन | ३,९६,१५८ | |
| ८९।०८०।२।२८ | शिव मन्दिरदेखि झट्का मेनसम्म माटो पुरी ग्राभेल मलाही वडा नं. २ | मुना निर्माण सेवा | ४,८१,३०९ | |
| ९३।०८०।३।७ | विद्यालयको पर्खाल निर्माण खोपवा | सुप्रिमा एण्ड आर्यन निर्माण सेवा | ४,७४,५५९ | |
| १४२।०८०।३।२१ | अधुरो भवन निर्माण वडा नं. २ | गौरी शंकर निर्माण सेवा | ७,६९,३४३ | |
| १४८।०८०।३।२२ | नयका पइनिदेखि इलाका प्रहरी कार्यालय हुँदै मलाही जाने बाटोको कालोपत्रेसम्म ग्राभेल तथा मर्मत सम्भारको कार्य | एन.एम.कन्स्ट्रक्सन प्रा.लि. | ९,२६,५६७ | |
| १६३।०८०।३।२४ | बर्थिङ्ग सेन्टर भवनको प्राङ्गन ढलान तथा ट्रेस जडान कार्य | विक्रान्त इम्पेक्स | ८,२६,८५४ | |
| १६५।०८०।३।२४ | वर्थिङ्ग सेन्टरमा ल्याब रुम निर्माण | घण्टीमाई कन्स्ट्रक्सन | ७,७२,७९१ | |

| | | | | |
|---|---|---|---|---|
| | तथा व्यवस्थापन कार्य | | | |
| **जम्मा** | | | **१,५९,०३,४६७** | |

| | |
|---|---|
| | सैद्धान्तिक बेरुजु |

४० **सोझै खरिदः** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८ बमोजिम प्रतिस्पर्धा सिमित नहुने गरी खरिद गर्नुपर्ने व्यवस्था छ । त्यस्तै सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८५ बमोजिम रु. १० लाखसम्मको खरिद कार्य सोझै गर्न सकिने, रु. २० लाखसम्म सिलबन्दी दरभाउपत्रबाट र सोभन्दा माथि बोलपत्रको माध्यमबाट खरिद गर्नुपर्ने व्यवस्था छ । त्यस्तै सोझै खरिद कार्य गर्दा एक आर्थिक वर्षमा सीमाभन्दा बढीको खरिद गर्न नहुने एवं एउटा आपूर्तिकर्तासंग एक पटकभन्दा बढी सोझै खरिद गर्न नहुने उल्लेख छ । तर नमूना परीक्षण गर्दा पालिका पूँजिगतवाट बिभिन्न सामाग्री खरिद गर्दा प्रतिस्पर्धात्मक विधि नअपनाई एकै प्रकृतिका वस्तु तथा सेवालाई बिभिन्न समयमा टुक्रा तथा लागत अनुमान समेत तयार नगरी प्रतिस्पर्धाबाट बञ्चित हुने गरी बिभिन्न आपूर्तकवाट कोटेशन मार्फत् रु. २३,१४,००० को बिभिन्न सामाग्री खरिद गरेको नियमसंगत देखिएन ।

| **भौ.नं. र मिति** | **आपूर्तक** | **सामाग्री** | **रकम रु.** |
|---|---|---|---|
| ५।०७९।८।७ | अभिषेक सप्लायर्स | कार्यालय सामाग्री इलेक्ट्रोनिक्स | ८,२६,००० |
| ६।०७९।९।११ | मुनिल सप्लायर्स | कार्यालय सामाग्री इलेक्टोनिक्स | ९,९८,००० |
| ६०।०७९।१२।२६ | एन.ई.वाई.ल्यापटप सर्भिस सेन्टर | कार्यालय सामाग्री इलेक्ट्रोनिक्स समेत | ४,९०,००० |
| **जम्मा** | | | **२३,१४,०००** |

| | |
|---|---|
| | सैद्धान्तिक बेरुजु |

४१ **कर कट्टि नगरेकोः** भौ.नं. ३३।०८०।३।२३ र १५८।०८०।३।२३, सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ अनुसार उपभोक्ता समितिको कार्यमा रु. ५० लाख भन्दाको बढी भुक्तानीमा एकमुष्टमा १.५ प्रतिशतको दरले कर कट्टि गर्नुपर्ने व्यवस्था छ । पालिकाले खोलामा कल्भर्ट निर्माणको लागि लागत अनुमान रु. ८६,२५,६९२ तथा प्राविधिक मूल्याङ्कन अनुसार रु. ७६,१५,१७१ भुक्तानी गरेकोमा सोको १.५ प्रतिशतको दरले अग्रिम कर कट्टि रु. १,२६,९२१.१८ गर्नुपर्नेमा रु. १,०८,६७० मात्र कर कट्टि गरेकोले नपुग रु. १८,२५१.१८ कर कट्टि गरी सम्बन्धितबाट असूल गरी

दाखिला गर्नुपर्ने देखिएको रु.

| | | |
|---|---|---|
| | असुल गर्नुपर्ने | १८,२५१.१८ |

४२ **धरौटी कट्टि नभएको:** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३ बमोजिम निर्माण व्यवसायीको रिटेन्सन मनि बापत बिलबाट ५ % धरौटी रकम कट्टि गरी भुक्तानी गर्नुपर्ने व्यवस्था छ । पालिकाले देहाय अनुसार भुक्तानी गर्दा ५ प्रतिशतको दरले धरौटी रकम भुक्तानीमा कट्टि नभएको रु. ४,९९,३६६.०३ कट्टि गरी सो को प्रमाण पेश गर्नुपर्ने देखिएको रु.

| **भौ.नं. र मिति** | **विवरण** | **कट्टि नभएको धरौटी रु.** | **कैफियत** |
|---|---|---|---|
| १३।०७९।१०।१५ | पोखरीमा माटो पुर्ने कार्य वडा नं. १ | ४०,१७९.७८ | कृष कन्स्ट्रक्सन |
| ६१।०७९।१२।२९ | रुकेशको घरदेखि दरोगाको घरसम्म सडक ढलान वडा नं. ६ | २१,४९३.९४ | सुदामा विल्डर्स |
| ६३।०८०।१।४ | वडा नं. ६ गडहलमा नाला निर्माण तथा सडक ढलान | ४२,५८०.८५ | महागढीमाई कन्स्ट्रक्सन |
| ६४।०८०।१।४ | लखिन्द्र साहको घरदेखि अच्छेलाल साहको घरसम्म सडक ढलान | २९,९०९.९५ | सीता कन्स्ट्रक्सन |
| ७१।०८०।१।१९ | माइ ब्रह्मको पर्खाल निर्माण तथा ढलान गडहल | २१,५२१.५४ | सुदामा विल्डर्स |
| ६९।०८०।१।४ | मूल बाटोदेखि चमपवा चमइन घरसम्म सडक ढलान | १७,०४१.४५ | सागर कन्स्ट्रक्सन |
| ७४।०८०।१।२५ | जमुनी नदीदेखि इमलीसम्म माटोपुरी ग्राभेल कार्य | २१,४८९ | लालबाबु कन्स्ट्रक्सन |
| ७५।०८०।१।२५ | नाला निर्माण मुर्की | १७,२१९.३ | नेपाल कन्स्ट्रक्सन एण्ड कन्सल्टेन्सी |

| | | | |
|---|---|---|---|
| ८४।०८०।२।१० | रोडदेखि लक्ष्मी दास थारुको घरसम्म सडक ढलान | २५,३९७.०२ | देवेन्द्र कन्स्ट्रक्सन |
| ८५।०८०।२।२८ | नाला निर्माण कार्य वडा नं. ४ | २०,७५६.३३ | जय माँ लक्ष्मी कन्स्ट्रक्सन |
| ८६।०८०।२।२८ | मूल बाटोदेखि दलित टोलसम्म सडक ढलान वडा नं. ४ | १७,५२९.१६ | जय माँ लक्ष्मी कन्स्ट्रक्सन |
| ८९।०८०।२।२८ | शिव मन्दिरदेखि झट्का मेनसम्म माटो पुरी ग्राभेल मलाही वडा नं. २ | २१,२९६.८६ | मुना निर्माण सेवा |
| ९२।०८०।३।६ | वडा नं. ६ मा पोल तार खरिद तथा जडान | १६,८४०.८० | सिमन कन्स्ट्रक्सन |
| ९४।०८०।३।७ | सिहासनी सोनार टोलमा नाला निर्माण | १२,५०९.८२ | लालबाबु कन्स्ट्रक्सन |
| ९५।०८०।३।७ | दिना चौधरीको घरदेखि गिरधारी चौधरीको खेत हुँदै रामनारायण चौधरीको खेतसम्म माटो पुरी ग्राभेल कार्य | २५,२१३.९८ | महालक्ष्मी कन्स्ट्रक्सन |
| ९७।०८०।३।१७ | ब्रह्मबाबा निर्माण कार्य | २९,९५६.६४ | कृष्ण निर्माण सेवा |
| १०४।०८०।३।२० | इलाका प्रहरी कार्यालयमा भवन निर्माण | २७,४४५.५८ | सागर कन्स्ट्रक्सन |
| ११७।०८०।३।२० | सिकिन्द्र साहको घरनिर अधुरो ढलान सुखी वडा नं. ४ | १६,१९५.१३ | यु.एस. कन्स्ट्रक्सन |
| १२३।०८०।३।२० | बुधगाईमा मा.वि. मा अधुरो भवन निर्माण तथा प्लाष्टर | १९,८१८.९४ | जय माता दी कन्स्ट्रक्सन |
| १२४।०८०।३।२० | वडा कार्यालयको परिसरमा ढलान तथा मर्मत कार्य | २१,२२७.५७ | आयुष कन्स्ट्रक्सन |

| | | | |
|---|---|---|---|
| १४४।०८०।३।२१ | ब्रह्माबाबाको अधुरो सडक ढलान | १६,७९३.१४ | सुप्रिमा एण्ड आर्यन निर्माण सेवा |
| १६१।०८०।३।२४ | अधुरो मन्दिर निमार्ण मलाही | १६,९४९.२५ | समिक्षा निर्माण सेवा |
| **जम्मा** | | **४,९९,३६६.०३** | |
| | | प्रमाण पेश नगरेको | ४,९९,३६६.०३ |

४३ **कार्य सम्पन्न प्रतिवेदनः** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३ (१) मा खरिद सम्झौता अनुसार सार्वजनिक निकायले रनिङ बिल वा अन्य कुनै बिल बिजकको भुक्तानी गर्दा प्राविधिक नापजाँच गरी नापी किताव तथा कार्य सम्पन्न प्रतिवेदनमा उल्लेख भएको वास्तविक कार्यसम्पादनको आधारमा भुक्तानी गर्नुपर्ने व्यवस्था रहेको छ ।पालिकाले निम्नानुसार कार्यको लागि नापी किताव लगायत प्राविधिक कार्यसम्पन्न प्रतिवेदन तयार नगरी,प्रमाणित फोटो नभएको सो वापत खर्च लेखेको रु. २७,८३,७९४ रकम पुष्टि हुने आधार पेश नभएकोले सो कार्यको प्राविधिक मुल्यांकन पेश हुनुपर्ने अन्यथा असुल गर्नुपर्ने रु.

| **भौ.नं. र मिति** | **कार्यको विवरण** | **जम्मा रकम रु.** | **व्यहोरा** |
|---|---|---|---|
| ५।०७९।८।७ | सबै वडाको लागि बिजुली बत्ती खरिद | ८,२६,००० | बिजुली बत्ती जडान भएको प्राविधिक कार्य सम्पन्न प्रतिवेदन पेश भएको पाइएन । |
| ६५।०८०।१।४ | डिजिटल डिस्प्ले निर्माण | ४,९८,००० | डिस्प्ले निर्माण भएको प्राविधिक कार्य सम्पन्न प्रतिवेदन पेश भएको पाइएन । |
| ७३।०८०।१।२५ | युनिसेफसँग साझेदारी कार्यक्रममा बिभिन्न विद्यालयको संरचना निर्माण | ९,६०,००० | संरचना निर्माणको प्राविधिक कार्य सम्पन्न पेश भएको पाइएन । |
| १५६।०८०।३।२३ | सि.सि.टि.भि. खरिद तथा जडान | ४,९९,७९४ | सि.सि.टि.भि.थान ३ जडान भएको प्राविधिक कार्य सम्पन्न प्रतिवेदन पेश भएको पाइएन । |
| **जम्मा** | | **२७,८३,७९४** | |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | २७,८३,७९४ |

४४ **नन्फाइलर** – मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा १८ मा भुक्तानीमा प्राप्त मूल्य अभिवृद्धि करको विवरण भुक्तानी पाएको अर्को महिनाको २५ गतेभित्र सम्बन्धित आन्तरिक राजस्व कार्यालयमा कर विवरण सहित दाखिला गर्नुपर्ने व्यवस्था छ। तर पालिकाबाट देहायका फर्मलाई मू.अ.कर रु.९,१४,४९७.५१ समेत रु.७९,८३,८६२.५५ भुक्तानी दिएकोमा लेखापरीक्षण अवधिसम्म पनि ती फर्महरु कर विवरण नबुझाई नन्फाइलर रहेको पाइयो। अतः कर समायोजनको प्रमाणपत्र पेश हुनुपर्ने रु.

| **भौ.नं. र मिति** | **आपूर्तकको नाम** | **प्यान नम्वर** | **भुक्तानी रु.** | **मू.अ.कर रु.** | **नन्फाइलर** |
|---|---|---|---|---|---|
| **पालिका पूँजीगत** | | | | | |
| १६६।०८०।३।२४ | दिवा।महावीर।भुपेन्द्र जे.भी. | ६१५९६३६६६ | ६१,०५,४७१ | ७,०२,३९९.३७ | २०८०।M।१ |
| **शसर्त प्रदेश पूँजीगत** | | | | | |
| ३।०८०।३।२१ | राजु राज कन्स्ट्रक्सन | ६१०७७७०५९ | १८,७८,३९१.५५ | २,१२,०९८.१४ | २०८०।T।१ |
| **जम्मा** | | | **७९,८३,८६२.५५** | **९,१४,४९७.५१** | |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ९,१४,४९७.५१ |

४५ **कार्य सम्पादन जमानतः** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११० (४) मा कार्य सम्पादन जमानतको म्याद मर्मत सम्भार अवधि भन्दा १ महिना बढि अवधि हुनु पर्ने व्यवस्था छ । कार्यालयले देहाय बमोजिमको निर्माण कार्य गर्न निर्माण व्यवसायीसँग सम्झौता गर्दा मर्मत सम्भार अवधि ३६५ दिन हुने भनि उल्लेख गरेकोमा पेश गरेको कार्य सम्पादन जमानतको अवधि नियमावलीले तोकेको भन्दा कम अविधिको भएकोले नियमावलीमा भएको व्यवस्था बमोजिम मर्मत सम्भार अवधि भन्दा १ महिना बढि अवधि भएको रु. १,०६,००० को कार्य सम्पादन जमानत पेश गर्नुपर्ने रु.

| **ठे.नं.** | **योजनाको नाम** | **फर्म** | **कार्य सम्पादन जमानतको विवरण** | **अवधि भएको** | **हुनुपर्ने अवधि** | **रकम** |
|---|---|---|---|---|---|---|

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ३।०७९।०८० | ट्रसब्रीज सामाग्री | एस.के.इन्जिनियरिङ्ग इण्डष्ट्रिज | ११ महिना २८ दिनको घटि म्याद । | २०८०।६।७ | २०८१।६।५ | १,०६,००० |
| | | | | | प्रमाण पेश नगरेको | १,०६,००० |

४६ **उपभोक्ता समितिले बीमा नगरेकोः** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ को उप नियम ३ (क) मा उपभोक्ता समिति वा लाभग्राही समुदायलाई रु.२० लाख भन्दा माथिको काम गराउँदा अनिवार्य रुपमा बीमा गर्नुपर्ने व्यवस्था गरेको छ। पालिकाले निम्न बमोजिमको कार्य उपभोक्ता समितिबाट रु.२० लाख भन्दा माथिको गरेपनि अनिवार्य बीमा गरेको पाइएन। अतः पालिकाले नियमावलीमा भएको व्यवस्थालाई पालना गराउनु पर्दछ।

| **क्र.सं.** | **उपभोक्ता समितिको नाम** | **लागत अनुमान रु.** | **भुक्तानी रकम रु.** | **कैफियत** |
|---|---|---|---|---|
| १. | वडा नं. २ बिशुन्पुर्वामा सडक तथा नाला निर्माण ढलान (रामदयाल पासवानको घर देखि रामसरण पासवानको घरसम्म सडक ढलान तथा नला निर्माण) | २६,९४,६३२.७३ | २२,४१,४४४.१८ | |
| २. | अक्षयवर साहको घर देखि फौजदार पट्टिको छठ घाट सम्म सडक ढलान उ.स. ६ | २६,९५,३१४.७ | २४,२५,००० | |
| ३. | मुर्की गाउँ देखि स्वास्थ्य चौकीको पुलसम्म बाटो ढलान उ.स. ३ | २६,९४,७४०.३३ | २२,९५,३४०.९८ | |
| ४. | राम प्रवेश जयसवाल को घरदेखि ब्रहाम्स्थान निरको कल्भर्ट सम्म र महिन्द्र जयसवाल को घरदेखि राजकुमारको घर सम्म बाटो तथा नाला निर्माण उ.स. २ | २६,९४,६३७.२६ | १९,९२,५९८.८२ | |
| ५. | चार कोठे बिधालय भवन निर्माण , श्री नथुनी आ. वि. दौर्वा उ.स. २ | ५०,०७,७७४.५२ | ३६,९८,८२०.१५ | |
| ६. | दुई कोठे बिधालय भवन निर्माण , श्री ने. रा. आ. वि. च. पथरा उ.स. ५ | ३०,५५,६३०.२८ | २५,४८,३१०.९६ | |

| | | | | |
|---|---|---|---|---|
| ७. | गेड्काही नदीमा कल्भर्ट निर्माण च. पथरा उ.स. ५ | ८६,२५,६९२.४१ | ७६,१५,२७१.०३ | |

सैद्धान्तिक बेरुजु

४७ **परामर्श तथा डी.पी.आर.खर्च –** यस कार्यालयले यो बर्ष स्वीकृत बार्षिक कार्यक्रम अनुसार देहाय बमोजिमको कार्य परामर्शदाताबाट गराई प्रतिवेदन प्राप्त गरको छ ।

| कार्य विवरण | परामर्शदाता | स्वीकृत रकम | खर्च रकम | अध्ययनबाट निर्धारण भएको आयोजनाको लागत |
|---|---|---|---|---|
| जग्गा वर्गिकरण प्रतिवेदन | रचनात्मक इन्जिनियरिङ्ग कन्सल्टेन्सी सर्भिसेज प्रा.लि. | १९,८३,४७१.५४ | १९,८३,४७१.५४ | |
| व्यवस्थापन र सर्वेक्षणको प्रतिवेदन | समिका रिसर्च एण्ड ट्रेनिङ्ग सेन्टर प्रा.लि. | ४,९७,००० | ४,९७,००० | |
| वृद्ध आश्रमका लागि डि.पि.आर. प्रतिवेदन तयार गर्ने | डि.जि. इन्जिनियरिङ्ग कन्सल्टेन्सी | ११,५०,००० | ११,५०,००० | |
| **जम्मा** | | **३६,३०,४७१.५४** | **३६,३०,४७१.५४** | |

डी.पी.आर.तयार गर्दा कार्यालयको प्राविधिक जनशक्ति प्रयोग नगर्नाको कारण स्पष्ट गर्दै आगामी दिनमा आगामी दिनमा कार्यालयको प्राविधिक जनशक्तिबाट यस्तो कार्य गराउनु पर्दछ। यस्ता खर्चको लागत अनुमान अनुसार विज्ञको प्रयोग गरेको पाइएन। साथै यसरी अध्ययन प्रतिवेदन तयार भएका आयोजनाहरु कार्यान्वयनमा गएको समेत नदेखिएकोले खर्चको सार्थकता समेत देखिएन।

सैद्धान्तिक बेरुजु

४८ **ईटामा मू.अ.कर बिजक बेगर भुक्तानी** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ बमोजिम उपभोक्ता समितिले गरेको खर्चको बिल भरपाई कार्यालयले जांच गरी प्रतिवेदन लिने व्यवस्था छ । यो वर्ष निम्न उपभोक्ता समितिलाई समान खरिदमा मूल्य अभिवृद्धि कर सहित रकम भुक्तानी दिने गरी लागत अनुमान तयार गरी सोही बमोजिम कार्य सम्पन्न भई

भुक्तानी भएकोमा विल पेश नभएको समानको मू.अ.कर भुक्तानी भएको देखिन्छ । यसरी बिजक बेगर मू.अ.कर भुक्तानी दिएको रू. १,४६,९०० नियमसंगत देखिएन । अतः पालिका कार्यालयले मूल्य अभिवृद्धि कर भुक्तानीको बिजक लिएको भए मू.अ. कर समायोजन सहितको प्रमाण उपभोक्ताबाट पेश गर्न लगाउने अन्यथा उक्त मू.अ.कर असुल गरी संघीय संचित कोषमा दाखिला गरेको प्रमाण पेश गर्नुपर्ने देखिएको रू.

| **भौ.नं. र मिति** | **उपभोक्ता समितीको नाम** | **कामको बिवरण** | **मू. अ. कर भुक्तानी रकम** | **बिजक पेश भएको रकम** | **बिजक पेश नभएको रकम** | **शिर्षक** |
|---|---|---|---|---|---|---|
| ३३।०८०।३।२३ र १५८।०८०।३।२३ | खोलामा कल्भर्ट निर्माण उ.स. | कल्भर्ट निर्माण | ४,११,३२० | २,६४,४२० | १,४६,९०० | |

| | |
|---|---|
| असुल गर्नुपर्ने | १,४६,९०० |

४९ (६-२०७९-९-११): **पदाधिकारीलाई मोबाइल वितरणः** मधेश प्रदेश पदाधिकारी सेवा सुविधा सम्बन्धी ऐनमा पदाधिकारीलाई मोबाइल वितरण गर्ने भनी व्यवस्था रहेको पाइएन । पालिकाले मुनिल सप्लायर्सबाट वन प्लस मोबाइल थान ३५ खरिद गरी प्रयाप्त आधार तथा कारण बिना ३५ जना पदाधिकारीहरुलाई मोबाइल वितरण गरेको रु.९,९८,००० नियमसम्मत नदेखिएको रु.

| | |
|---|---|
| अनियमित भएको | ९,९८,००० |

५० **सिमेन्टमा मू.अ.कर बिजक बेगर भुक्तानी** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ वमोजिम उपभोक्ता समितिले गरेको खर्चको बिल भरपाई कार्यालयले जांच गरी प्रतिवेदन लिने व्यवस्था छ। यो वर्ष निम्न उपभोक्ता समितिलाई समान खरिदमा मूल्य अभिवृद्धि कर सहित रकम भुक्तानी दिने गरी लागत अनुमान तयार गरी सोही वमोजिम कार्य सम्पन्न भई भुक्तानी भएकोमा विल पेश नभएको समानको मू.अ.कर भुक्तानी भएको देखिन्छ। यसरी बिजक बेगर मू.अ.कर भुक्तानी दिएको रू.१,०८,५८९ नियमसंगत देखिएन। अतः पालिका कार्यालयले मूल्य अभिवृद्धि कर भुक्तानीको बिजक लिएको भए मू.अ.कर समायोजन सहितको प्रमाण उपभोक्ताबाट पेश गर्न लगाउने अन्यथा उक्त मू.अ.कर असुल गरी संघीय संचित कोषमा दाखिला गरेको प्रमाण पेश गर्नुपर्ने देखिएको रू.

| **भौ.नं.र मिति** | **उपभोक्ता समितीको नाम** | **कामको बिवरण** | **मू.अ. कर भुक्तानी रकम** | **बिजक पेश भएको रकम** | **बिजक पेश नभएको रकम** | **शिर्षक** |
|---|---|---|---|---|---|---|
| **पालिका पूँजीगत** | | | | | | |
| ३३।०८०।३।२३ र १५८।०८०।३।२३ | खोलामा कल्भर्ट निर्माण उ.स. | कल्भर्ट निर्माण | १,४६,२५० | ९९,४५० | ४६,८०० | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| **शसर्त प्रदेश पूँजीगत** | | | | | | |
| २।०८०।३।२१ | मुर्की गाउँदेखि स्वास्थ्य चौकीको पुलसम्म बाटो ढलान उ.स. | ढलान कार्य | ७३,१२५ | ६०,३९८ | १२,७२७ | |
| ५।०८०।३।२३ | अक्षयवर साहको घरदेखि फौजदार पट्टिको छठीघाटसम्म सडक ढलान उ.स. | ढलान कार्य | १,०७,२५० | ९१,९८८ | १५,२६२ | |
| ६।०८०।३।२३ | दौर्वा टोलमा बाटो ढलान र नाला निर्माण वडा नं. २ | ढलान र नाला निर्माण | १,२६,७५० | ९२,९५० | ३३,८०० | |
| **जम्मा** | | | | | **१,०८,५८९** | |
| | | | | असुल गर्नुपर्ने | १,०८,५८९ | |

५१ **उपभोक्ता समितिवाट भएका कार्यः** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ मा उपभोक्ता समिति मार्फत् कार्य गराउन सक्ने व्यवस्था छ । स्वीकृत वार्षिक कार्यालयगत योजना वमोजिम २५ प्रतिशत भुक्तानी रकम समेटी नमूना छनौट गरी लेखापरीक्षण गरिएका व्यहोरा प्रतिवेदनमा समावेश गरिएको छ । स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले निर्दिष्ट गरेको स्थानीय तहको अधिकार क्षेत्रभित्रको विकास निर्माण कार्य गर्नका पालिकाले उपभोक्ता समिति गठन परिचालन तथा व्यवस्थापन सम्बन्धमा देखिएका व्यहोरा निम्न छनः-

क) कार्यालयले योजना सञ्चालन एवं कार्यान्वयनमा संलग्न उपभोक्ता समितिको अभिलेख राखेको पाइएन,

ख) हेभि मेशिनरी साधनको प्रयोग हुने कार्य उपभोक्ता समिति मार्फत् नगराउनु पर्नेमा सो समेत उपभोक्ता समित मार्फत् गराएको छ,

ग) योजना कार्यान्वयनको लागि उपभोक्ता समिति र कार्यालयबीच अनुसूची २ बमोजिमको ढाँचामा सम्झौता गरेपनि ढाँचा अनुसारको सम्पूर्ण विवरण उल्लेख नगरी आंशिक र अपूर्ण विवरण भरी सम्झौता गरेको पाइयो,

घ) कुनैपनि उपभोक्ता समितिसँग आयोजना कार्यान्वयनको लागि कार्यतालिका लिएको देखिएन,

ङ) उपभोक्ता समितिको गठन, परिचालन तथा व्यवस्थापन सम्बन्धी कार्यविधि, २०७५ को बुँदा नम्बर ९ अनुसार

कार्यालयले आयोजना कार्य सम्पन्न अगावै उपभोक्ता समितिका पदाधिकारीहरूलाई विभिन्न तोकिएका विषयमा अभिमुखीकरण गर्नुपर्नेमा सो समेत गरेको पाइएन,

च) कार्यालयले उपभोक्ता समितिलाई किस्तागत रुपमा भुक्तानी गरेको छैन । सार्वजनिक परीक्षण भनी अनुसूची ३ बमोजिमको ढाँचामा गरेको पाइएन । उपभोक्ता समितिले अनुसूची ४ बमोजिमको ढाँचामा सार्वजनिक गर्नुपर्ने ब्यवस्था रहे तापनि वास्तविक रुपमा सार्वजनिक भएको छ भन्ने आधार देखिएन । अनुगमन समितिवाट अनुगमन गरेकोमा अनुगमनबाट देखिएको व्यहोरा प्रतिवेदनमा उल्लेख गरेको देखिएन,

छ) उपभोक्ता समितिबाट सम्झौता बमोजिम समय, लागत र गुणस्तरमा कार्य सम्पन्न हुन नसकेमा त्यस्ता उपभोक्ता समितिको लगत राखी अन्य उपभोक्ता समिति मार्फत् निर्माण गर्ने कार्य भएको छैन । साथै कार्यालयले उपभोक्ताको भुक्तानी दिनु अगाडी गुणस्तर र परीमाण चेक जाँच गरी भुक्तानी दिएको पाइएन,

ज) उपभोक्ता समितिले आयोजनाको स्वामित्व लिई मर्मत संभार गरेको देखिएन,

झ) उपभोक्ता समितिमा रहेको पदाधिकारी एकाघरका भए नभएको सम्बन्धमा एकिन गर्न कार्यालयले तीन पुस्ते खुलाई विवरण अध्यावधिक गर्नु पर्नेमा गरेको छैन । जसले गर्दा एकाघरका व्यक्ति उपभोक्ता समितिमा भए नभएको एकिन हुनसकेन । रकम प्राप्त गर्नेको डोर हाजिर तथा अन्य खर्चको भर्पाइ गर्ने एवं ढुवानी गर्ने व्यक्तिको पहिचान खुलेको कागजात स्पष्ट खुलाएको पाइएन,

ञ) सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७(६) मा उपभोक्ता समितिले हरेक किस्ताको कामको प्राविधिक मूल्याङ्कन, विल भर्पाई र खर्च प्रमाणित गर्ने अन्य प्रमाण कागजात सर्वजनिक निकायमा पेश गर्नुपर्ने व्यवस्था छ । यस पालिकाले उपभोक्ता समिति मार्फत् कार्य गराउँदा प्राविधिक मूल्याङ्कन र विल भर्पाइ सँलग्न गरेपनि प्राप्त विलको सामानको परिमाण र मूल्याङ्कनको परिमाण एक आपसमा फरक पर्न गएको छ । लागत अनुमानको तोकिएको परिमाणमा सामान खरिद नहुँदा लागत अनुमानकै आधारमा मूल्याङ्कन गर्दा निर्माण कार्यको गुणस्तरमा कमी आउने हुन्छ । तसर्थ, कार्यालयले उपभोक्ता समितिलाई प्रशिक्षित समेत गराई यथार्थपरक विल भर्पाइ पेश गर्न लगाउनु पर्दछ । घटी परिमाणको सामान खरिद गरेको अवस्थामा बढी मूल्याङ्कन गरी भुक्तानी गर्ने परीपाटीमा नियन्त्रण गर्नुपर्दछ ।

ट) उपभोक्ता समिति गठन गर्दा सम्वन्धित उपभोक्ता समितिका पदाधिकारी स्थानीय वासिन्दा रहेको परिचय खुल्ने प्रमाण संलग्न नभएकोले सम्बन्धित सेवा स्थानीय बासिन्दा र त्यस्तो सेवा उपभोग गर्ने समुदाय मात्र रहेको उपभोक्ता समिति वा लाभग्राही समुदायबाट गराएको भनी एकिन गर्न सक्ने आधार भएन,

ठ) केही उपभोक्ता समितिवाट कार्य गराउदा कार्यालयले आवश्यक कुराहरु खुलाई सार्वजनिक सूचना प्रकाशन गरी प्रस्ताव माग गरेको वा उपभोक्ता समिति वा लाभग्राही समुदाय आफैंले निवेदन दिएको प्रमाण संलग्न देखिदैन । सार्वजनिक सूचना प्रकाशन भएकोमा समेत काम वा सेवाको प्रकृति, परिमाण, लाग्ने रकम, उपभोक्ता समिति वा लाभग्राही समुदायले व्यर्होने वा व्यहोर्नु पर्ने रकम लगायतको विवरण खुलाएको देखिएन । यस्ता सूचना वा निवेदकको अलग्गै अभिलेख राखेको पाइएन,

ड) उपभोक्ता समिति/लाभग्राही समुदाय प्रचलित कानुन बमोजिम दर्ता भएको प्रमाण पेश हुन सकेन। दर्ता वेगरका उपभोक्ता समितिवाट कार्य गराउने परीपाटीमा नियन्त्रण गर्नुपर्दछ,

ढ) कार्यालयले पेश गरेको लागत अनुमान एवम् प्राविधिक मुल्याङ्कनमा कहिकतै मिति उल्लेख नभएकाले लागत अनुमान स्वीकृति र समयमै कार्य भए नभएको सम्वन्धमा एकिन हुने आधार रहेन,

ण) अधिकांश प्राविधिक मुल्याङ्कन गर्दा नापी, ठेक्का, विल र कार्य सम्पन्नमा मिति र नापी किताव नम्वर उल्लेख नभएकोले समयमा कार्य सम्पन्न भएको एकिन गर्न नसकिने हुँदा नापी र कार्य सम्पन्नमा मिति स्पष्ट उल्लेख गर्ने र नापी कितावको नम्वर उल्लेख गरी अलग्गै अभिलेख राख्नुपर्दछ,

त) पालिकाले उपभोक्ता समितिलाई भुक्तानी गर्दा कतिपय भुक्तानीमा वडाको सिफारिस संलग्न भएको पाइएन ।

| |
|---|
| सैद्धान्तिक बेरुजु |

५२ **मोबाइल मर्मत तालिमः** १९१।०८०।३।२०, पालिकाले यस वर्ष तराई मधेश कार्यक्रमबाट मोबाइल मर्मत ६५ दिनको तालिम २० जनालाई सहभागी गराई सञ्चालन गर्नको लागि श्री धमेन्द्र ठाकुरलाई रु ५०००००।० पेश्की दिएकोमा सो तालिम गरी निजले फस्यौंट गरेको छ । तराई मधेष कार्यक्रम अनुसार तालिममा कुल लागतको ९० प्रतिशत सर्शतबाट बाँकी १० प्रतिशत पालिकाले व्यहोर्ने गरी ५५००००।० को लागत ईष्टिमेट तयार गरी स्विकृत गरेको छ । सोही स्विकृत लागत इष्टिमेट अनुसार तालिम समापन पश्चात सहभागीलाई २० प्रतिशत लागत सहभागीता गराई सहभागीलाई रु ११४०००।० को समाग्री हस्तान्तरण गर्ने उल्लेख गरेकोमा सहभागीलाई लागत सहभागीता नगरी जम्मा खरिद मूल्य रु ५७२७।० बराबरको २० सहभागीलाई रु ११४५००।० समाग्री हस्तान्तरण गरेकोमा सहभागिलाई २० प्रतिशत लागत सहभागीता नगराई शत प्रतिशतमा सामाग्री वितरण गरेकोले सहभागीबाट २० प्रतिशतले हुने रु २२९००।० असुल गरी राजस्व दाखिला गर्नुपर्ने रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | २२,९०० |

५३ **लघु उद्यम कार्यक्रम**

५३.१ **उत्पादित बस्तुको बिक्रि तथा स्टोर दाखिलाः** गरिवी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम सञ्चालन निर्देशिका, २०७७ को दफा ३९(१) मा तालिमबाट उत्पादित सामान वा वस्तुको गुणस्तर कायम गराउनु सम्बन्धित प्रशिक्षकको दायित्व हुनेछ तथा दफा ३९(२) मा तालिमबाट उत्पादित सामान वा वस्तुको व्यवस्थित अभिलेख राखी त्यस्ता उत्पादनहरु प्रशिक्षण अवधिभित्रै परल मूल्यको पचास प्रतिशत छुट मूल्यमा सहभागीलाई नै बिक्रि गर्न सकिने र बिक्रिबाट प्राप्त रकम शाखाले तोकेको राजस्व खातामा दाखिला गर्नुपर्ने गर्नुपर्ने व्यवस्था छ । पालिकाले यस वर्ष सृजनशिल ब्यावसाय तालिम केन्द्र प्राली पर्सालाई लघु उद्यम सम्वन्धि वासको मुडा १५, जुत्ता चप्पल बनाउने १ महिना र पोते माला बनाउने १५ दिने तालिमको लागि रु.८१८०००।० भुक्तानी दिएको छ । सो तालिममा संस्थाले कच्चापदार्थको लागि रु २०५०००।० खर्च लेखेको छ । निर्देशिका अनुसार कच्चा पदार्थकोको परल मूल्यको ५० प्रतिशत रकममा ५० प्रतिशत छुट गरी पचास प्रतिशत रकममा तालिमबाट उत्पादित सामान तथा बस्तुहरु संस्थाले सहभागीलाई वितरण गर्नुपर्नेमा निशुल्क वितरण गरेको उल्लेख गरेको छ । पालिकले यसरी निर्देशिका विपरित खर्च लेखेको अनियमित देखिएको रु.

| | |
|---|---|
| अनियमित भएको | ८,१८,००० |

५३.२ **गैरसरकारी संस्थालाई ओभरहेडः** सार्वजनिक खरिद नियमावली, २०६४ को अनुसूची १ र १(क) मा निर्माण कार्यमा १५ प्रतिशत र परामर्श सेवा खरिदमा ४ प्रतिशत व्यवस्थापन खर्च भुक्तानी दिन मिल्ने र अन्य मालसामान उपभोक्ता समिति गैरसरकारी संस्थाबाट भएको खरिदमा ओभरहेड दिने व्यवस्था गरेको छैन । पालिकाले कार्यक्रमबाट लघु उद्यम कार्यक्रम बापत सृजनशिल व्यवसाय तालिम केन्द्र पर्सालाई कुल लागतको ओभरहेड बापत ४ प्रतिशतले हुने रकम रु २७८७०।० भुक्तानी दिएको देखियो। गैरसरकारी संस्था मार्फत सेवा खरिद गर्दा औभरहेड भुक्तानी दिएको देखियो । उक्त भुक्तानी दिन नमिल्ने रकेम सम्बन्धितबाट असुल गर्नुपर्ने रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | २७,८७० |

५३.३ **उत्पादित बस्तुको बिक्रि तथा स्टोर दाखिलाः** गरिवी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम सञ्चालन निर्देशिका, २०७७ को दफा ३९(१) मा तालिमबाट उत्पादित सामान वा वस्तुको गुणस्तर कायम गराउनु सम्बन्धित प्रशिक्षकको दायित्व हुनेछ तथा दफा ३९(२) मा तालिमबाट उत्पादित सामान वा वस्तुको व्यवस्थित अभिलेख राखी त्यस्ता उत्पादनहरु प्रशिक्षण अवधिभित्रै परल मूल्यको पचास प्रतिशत छुट मूल्यमा सहभागीलाई नै बिक्रि गर्न सकिने र बिक्रिबाट प्राप्त रकम शाखाले तोकेको राजस्व खातामा दाखिला गर्नुपर्ने गर्नुपर्ने व्यवस्था छ । पालिकाले यस वर्ष लघु उद्यम सम्वन्धि डल कुसन बनाउने ३० दिने तालिम तथा हाउस हाइरिङ तालिमको लागि रु ४०००००।० खर्च लेखेको छ । सो तालिममा कच्चापदार्थको लागि रु १६७४००।० खर्च लेखेको छ । निर्देशिका अनुसार कच्चा पदार्थकोको परल मूल्यको ५० प्रतिशत रकममा ५० प्रतिशत छुट गरी पचास प्रतिशत रकममा तालिमबाट उत्पादित सामान तथा बस्तुहरु संस्थाले सहभागीलाई वितरण गर्नुपर्नेमा १४ सहभागीलाई १५/१५ थानको निशुल्क वितरण गरेको उल्लेख गरेको छ । पालिकले वितरण गर्ने कार्यमा नियन्त्रण गरी मूल्यमा बिक्री गर्नुपर्दछ ।

| |
|---|
| सैद्धान्तिक बेरुजु |

५४ **तलवी प्रतिवेदन-** निजामती सेवा ऐन, २०४९ मा तलवी प्रतिवेदन पारित गराएर मात्र तलब खर्च लेख्नु पर्ने उल्लेख छ । पालिकाले यो वर्ष तलवी प्रतिवेदन पारित नगराई सङ्घीय सरकारबाट हस्तान्तरित चालु अन्तर्गत स्वास्थ्यतर्फ ३१ कर्मचारीको रु.२१७८७२४१।६ खर्च लेखेको छ। तलबी प्रतिवेदन पारित नगरी खर्च लेख्दा पाउने भन्दा बढी तलब भत्ता ग्रेड भुक्तानी हुन सक्ने तथा लेखापरीक्षणको क्रममा भुक्तानीको तुलना गर्न नसकिने भएकोले तलबी प्रतिवेदन पारित गराएर तलब भत्ता भुक्तानी खर्च लेख्नुपर्दछ ।

| |
|---|
| सैद्धान्तिक बेरुजु |

५५ **शिक्षातर्फ**

५५.१ **बुक कर्नरः** शिक्षा तथा मानव श्रोत विकास केन्द्रको कार्यक्रम कार्यान्वयन पुस्तिका, २०८० को क्रियाकलपा नं. २.७.१३.३

मा प्रति विद्यार्थी लागतका आधारमा १ देखि ५ सम्मका विद्यार्थीलाई १५०।० र ६ देखि १० सम्मको विद्यार्थीलाई २००।० र ११ र १२ लाई २५० का दरलेबुक कर्नर रकम दिन सक्ने र सो रकमबाट विद्यालय व्यवस्थापन समितिको निर्णयबमोजिम विद्यालय सुधार योजना कार्यान्वयन, शौक्षिक सामग्री व्यवस्थापन, विद्यालय शिक्षाको गुणस्तर सुधार, मर्मत सम्भार तथा बुक कर्नरमा खर्च गर्न सक्ने व्यवस्था छ ।पालिकाले १६ विद्यालयलाई बुक कर्नर तथा प्रारम्भिक वालविकासलाई प्रोफायलको लागि समेत रु.१४०४५००।० अनुदान निकासा गरेकोमा सम्बन्धित शिर्षकमा खर्च नगरी मसलन्द तथा विद्यालय व्यवस्थापन समितिको गठनमा खर्च गरेको देखिन्छ । सम्वन्धित शिर्षक बाहेक अन्य शिर्षकमा खर्च गर्दा सोको विद्यालय व्यवस्थापन समितिको निर्णयबमोजिम खर्च गरेको पाइएन । अतः निर्देशिका अनुसार व्यवस्थापन समितिको निर्णय अनुसार तोकिएको क्षेत्रमा खर्च गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

५५.२ **पाठ्यपुस्तक अनुदान-** शिक्षा तथा मानव श्रोत विकास केन्द्रले प्रकाशन गरेको कार्यक्रम कार्यान्वयन पुस्तिका, २०७९।८० को क्रियाकलाप नं. २.४.६.१ मा IEMIS मा प्रवृष्टि भएको संख्यालाई सत्यापन गरी विद्यार्थी संख्या यकिन गरी कक्षा १ देखि १० सम्म तेश्रो त्रैमासिकमा तथा ११ र १२ को हकमा आर्थिक वर्षको पहिलो त्रैमासिकमा पठाउनुपर्ने तथा विद्यालयले शैक्षिक सत्रको सुरुवातमै पुरा सेटमा नयाँ पाठ्यपुस्तक पाए नपाएको अनुगमन गरी उपलब्धताको सुनिश्चतता स्थानीय तहले गर्नुपर्ने व्यवस्था छ । त्यस्तै कक्षा ११ र १२ का लागि आर्थिक वर्षको प्रथम त्रैमासिकमा अनुदान दिनुपर्ने र कक्षा १ देखि कक्षा १२ सम्म तेश्रो त्रैमासिकमा विद्यार्थी संख्याको आधारमा ७५ प्रतिशत रकम र नपुग भएमा बाँकी २५ प्रतिशत दिनुपर्नेमा पालिकाले यस वर्ष १६ विद्यालयका कक्षा १ देखि १२ सम्मकै पाठ्यपुस्तक रकम तेश्रो त्रैमासिकमा पहिलो किस्ता निकासामा ७५ प्रतिशतले हुने रकम रु २३९९८५८।० र बाँकी २५ प्रतिशतले हुने रु ४१२८०५।९० गरी जम्मा रु २८१२६६३।० निकासा भएकोमा पालिकाले विद्यार्थीले शैक्षिक सत्रको सुरुवातमै पुरा सेटमा नयाँ पुस्तक पाए नभएको अनुगमन गरी उपलब्धताको सुनिश्चितता गरेको छैन्। अतः निकासा अनुसारको खरिद गरेको विल भरपाई तथा कक्षा १ देखि १२ सम्मको विद्यार्थीले पाठ्यपुस्तक समयमा पाए नभएको पालिकाले अनुगमन गरी सुनिश्चतता गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

५५.३ **शिक्षक दरवन्दी र पदपूर्ति -** स्थिनीय तह अन्तर्गत रहेका सामुदायिक विद्यालयहरुमा दरबन्दी अनुसार शिक्षकको पदपूर्ति भई नियमित पठनपाठनको व्यवस्था हुनुपर्दछ। यस स्थानीय तह अन्तर्गत विभिन्न तहका १६ सामुदायिक विद्यालयहरुको शिक्षक दरवन्दी र पदपूर्तिको अवस्था एवं विद्यार्थीको संख्या निम्नानुसार रहेको देखिन्छ ।

| **क्र.स.** | **विद्यालयको नाम** | **स्वीकृत दरवन्दी राहत समेत** | **पदपूर्ति** | **पदपूर्ति मध्ये करार** | **विद्यालर्थी संख्या** |
|---|---|---|---|---|---|
| १ | श्री जनता मावि बधगाई | ११ | ११ | | ७६९ |

| | | | | | |
|---|---|---|---|---|---|
| २ | श्री जनता मा वि पिप्रा | ३ | ३ | | २७२ |
| ३ | श्री जनता मावि बसतपुर | ० | | | १८५ |
| ४ | ने रा नथुनी आ वि दौर्वा | ५ | ५ | | ३९९ |
| ५ | श्री ने रा आ वि विशुनपुर्वा | ५ | ५ | | ४०३ |
| ६ | श्री ने रा आ वि मलाही | ४ | ४ | १ | २१८ |
| ७ | श्री रामकविर आ वि खोपवा | ० | | | २१८ |
| ८ | श्री राम कविर भगवान आ वि मुर्कि | १ | १ | | ४२१ |
| ९ | श्री ने रा आ वि सिपुरा | ४ | ४ | | २३१ |
| १० | श्री जनजागृति आ वि नयकाटोल | १ | १ | | २३३ |
| ११ | श्री ने रा उमेश निलम आ वि सुखिपथरा | ५ | ५ | | ५६२ |
| १२ | श्री जनसामुदायिक आ वि पोखरिया | ० | | | १९८ |
| १३ | श्री ने रा आ वि चरवन्त पथरा | ४ | ४ | | ३२३ |
| १४ | श्री ने रा मा वि सिहासनी | ३ | ३ | | ६८५ |
| १५ | श्री गम्भिरा ब्रजकिशोर मा वि गडहल | १३ | ९ | ४ | ८०६ |

| | | | | | |
|---|---|---|---|---|---|
| १६ | श्री ने रा आ वि गडहल | ० | | | १५८ |

गाउँपालिका भित्रका १६ विद्यालय रहेकोमा केही विद्यालयमा विद्यार्थी संख्या न्यून रहेको देखिन्छ । विद्यार्थी संख्या पहुँच लगायतका व्यहोरालाई आधार बनाई विद्यालयलाई एक आपसमा गाभी सरकारी खर्चलाई प्रभावकारी तथा मित्वययी बनाउनुपर्दछ ।

सैद्धान्तिक बेरुजु

५५.४ **स्यानिटरी प्याड खरिदः** १५७।०८०।२।२८, स्यानिटरी प्याड (वितरण तथा व्यवस्थापन) कार्यविधि, २०७६ को दफा ४ मा पालिकाले खरिद गरेको स्यानिटरी प्याड गुणस्तरमा कमी नआउने गरी भण्डारण गर्नुपर्ने उल्लेख छ। साथै दफा ५ मा स्यानिटरी प्याड त्रैमासिक,चौमासिक वा अर्धवार्षिक रुपमा वितरण गर्न सकिने उल्लेख छ। पालिका भित्रका सामुदायिक विद्यालयहरुमा कक्षा ६ भन्दा माथिका छात्रा विद्यार्थीहरुका लागि पालिकाले शशर्त अनुदानबाट ९५०० प्याकेट स्यानिटरी प्याड रु.८५४९३५।० (मू.अ.कर समेत) मा खरिद गरेको छ। पालिकाले खरिद गरेको स्यानेटरी प्याड माग गरे अनुसार त्रैमासिक चौमासिक रुपमा वितरण गर्नुपर्नेमा खरिद गरिएको प्याड १६ वटा विद्यालयलाई वितरण गरेको छ । पालिकाले आवश्यकताको पहिचन गरी विद्यालयको माग आधारमा हस्तान्तरण गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

५५.५ **गाउँ शिक्षा समितिः** शिक्षा ऐन, २०२८ को दफा ११(ट) मा गाउँ शिक्षा समितिको गठन प्रकृया उल्लेख गरेको छ। सो ऐन अनुसार गाउँ शिक्षा समितिमा कम्तिमा पालिका सदस्यहरुमध्येबाट १ जना महिला, गाउँ शिक्षा समितिबाट मनोनित २ जना महिला तथा पालिका क्षेत्रभित्र रहेका सामुदायिक तथा संस्थागत विद्यालयका प्रधानध्यापकहरुमध्येबाट सम्बन्धित पालिकाले मनोनित १ जना महिला सहित समितिमा कम्तिमा ४ जना महिला सदस्य हुनुपर्ने व्यवस्था गरेको छ । पालिकाले गठन गरेको गाउँ शिक्षा समितिमा १ जना सदस्य, १ जना सदस्य सचिव तथा १ आमन्त्रित सदस्य गरी ३ जना मात्र महिला सदस्य रहेको छ। पालिकाले समिति बनाउने ऐनले तोके अनुसारको सहभागितामुलक समिति बनाउनुपर्दछ ।

सैद्धान्तिक बेरुजु

५५.६ **एकमुष्ट विद्यालय अनुदानः** कार्यक्रम कार्यान्वयन पुस्तिका, २०८० को क्रियाकलाप नं. २.७.१३.१३(९.८) मा यस क्रियाकलापमा बजेट विनियोजन रहेका स्थानीय तहले केन्द्रको वेबसाइटमा रहेको वार्षिक एकमुष्ठ अनुदानबाट विद्यालय सञ्चालन गर्ने कार्यविधि, २०७६ मा उल्लिखित अनुदान प्राप्त गर्ने सर्त पूरा गरेको सुनिश्चितता भए नभएको यकिन गरी अनुदान उपलब्ध गराउनेउल्लेख गरेको छ। तथा सोही बुँदाको सि.नं. (च) मा अनुदान रकमले कार्यविधिमा विद्यालयलाई उल्लिखित क्षेत्रमा रकम खर्च रकम नपुग भएमा स्थानीय तहबाट थप रकम उपलब्ध गराउन सकिने समेत उल्लेख छ। त्यस्तै एकमुष्ट अनुदानबाट संचालित विद्यालयलाई अन्य सामुदायिक विद्यालय सरह दिवा खाजा, पाठ्यपुस्तक र छात्रवृत्ति

उपलब्ध गराउने तथा विद्यालयले सो अनुदान कार्यविधिले तोकेको क्षेत्रमा मात्र रकम खर्च गर्ने सो वार्षिक एकमुष्ट अनुदानबाट विद्यालय सञ्चालन गर्ने कार्यविधि, २०७६ को बुँदा नं. ८(ख र ग) मा एक जना बालकक्षा शिक्षक तथा एक जना विद्यालय सहयोगीको लागि तलबमा एकमुष्ट अनुदानबाट खर्च गर्नुपर्ने व्यवस्था गरेको छ। पालिकाले एकमुष्ट अनुदान प्राप्त गर्ने निम्न विद्यालयलाई एकमुष्ट अनुदान दिएकोमा अन्य विद्यालयलाई नियमिततर्फ तलब निकासा गर्दा एकमुष्ट अनुदान प्राप्त गर्ने विद्यालयका वालविकास सहजकर्ता र कार्यालय सहयोगीका समेतलाई निकासा गरेको छ। यसरी कार्यविधि २०७६ बमोजिम दिन मिल्ने नदेखिएकोले संशोधित कार्यविधि तथा दिन मिल्ने आधार पेश गर्ने अन्यथा निकासा भएको तलब सम्बन्धित विद्यालयबाट फिर्ता गर्नुपर्ने रु.

| **क्र.सं.** | **विद्यालय** | **निकासा रकम** |
|---|---|---|
| १ | जनता आधारभुत विद्यालय वसन्तपुर | ६४०००।० |
| २ | रामकविर आधारभुत विद्यालय भगवानपुर | १४४००० |
| ३ | नेपाल राष्ट्रिय प्राथमिक विद्यालय गडहल | १८५२०० |
| | **जम्मा** | **३९३२००** |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ३,९३,२०० |

५५.७ **सामुदायिक सिकाई केन्द्रः**

........... *(प्रारम्भिक प्रतिवेदन उपर प्रमाण पेश भएको आधारमा मिति २०८१।०१।१८ को निर्णयबाट रु.१२००००० सम्परीक्षण गरिएको ।)*

५५.८ **छात्रावृत्तिः** १३०।०८०।२४, कार्यक्रम कार्यान्वयन पुस्तिका, २०८० को क्रियाकलाप नं. ७.२.१.१ मा छात्रावृत्ति रकम उपलब्ध गराउँदा विद्यालयको मागका आधारमा तेश्रो त्रैमासिकमा विद्यालयहरुलाई अनुदान दिने तथा विद्यालयले शैक्षिक सत्र सुरु भएको दुई महिनाभित्र विद्यार्थीलाई वितरण गरिसक्नुपर्ने व्यवस्था छ । पालिकाले यस वर्ष १६ विद्यालयमा रु १०९०८००।० निकासा गरेको छ । कार्यान्वयन पुस्तिका अनुसार विद्यालयले प्राप्त भएको रकम शैक्षिक सत्र सुरु भएको २ महिनाभित्र वितरण गरी सोको वितरण भरपाई पालिकामा पेश गर्नुपर्ने सो नगरी यो आर्थिक वर्षको कात्तिक मंसिरमा वितरण गरेको छ । छात्रावृत्ति रकम निकासा तथा वितरण कार्यान्वयन पुस्तिका अनुसार वितरण गर्नुपर्दछ ।

| |
|---|
| सैद्धान्तिक बेरुजु |

५५.९ **दिवा खाजाः** शिक्षा तथा मानव श्रोत विकास केन्द्रको कार्यक्रम कार्यान्वयन पुस्तिका, २०८० को क्रियाकलापन २.७.११.१ मा दिवा खाजाको व्यवस्थापनका लागि स्थानीय तहले सबै प्रधानाध्यापकको बैठकबाट स्थानीय तहभित्रका विद्यालयहरुमा एकरुपता कायम हुने गरी दिवा खाजाको मेनु तयार र खाजा तथा व्यवस्थापन विधिको छनौट गरी खाजा मापदण्ड बमोजिमको हुनेगरी विद्यालयकै सहयोगी कर्मचारीबाट वा आमा समूह बनाई वा स्थानीय तहले पहिचान गरेको अन्य मोडेलबाट खाजा खुवाउनुपर्ने तथा सो अनुसार विद्यालयले दिवा खाजा खुवाए नखुवाएको स्थानीय तहबाट निरीक्षण अनुगमन गर्नुपर्ने तथा अनुगमन निरीक्षणबाट देखिएको व्यहोरा अनुगमन निरीक्षण पुस्तिका खडा राय सुझाव समेत दिनुपर्ने उल्लेख गरेको छ । पालिकाले यस वर्ष दिवा खाजामा पहिलो किस्तामा ६ विद्यालयका कक्षा १ देखि ६ सम्मका अनुगमन गर्दाको विद्यार्थी संख्या अनुसार भाद्रबाट असारसम्म रु.७३३६०४५।० खर्च लेखेको छ । पालिकाबाट विद्यालयले कार्यान्वयन पुस्तिका अनुसार खाजा खुवाई खाजाको नखुवाएको निरीक्षण अनुगमन गर्नुपर्दछ ।

| | |
|---|---|
| | सैद्धान्तिक बेरुजु |

५५.१० **पालिका साक्षरता कार्यक्रमः** १९९।०८०।३।२०, गाउँपालिकाले मिति २०७९।६।७ मा गाउँपालिका अध्यक्ष तथा साक्षरता अभियान गाउँपालिका समितिका संयोजक श्री अशोक कुमार जयसवालज्यूको संयोजकत्मा बसेको बैठकले आर्थिक वर्ष २०७९।८० भित्र नेपाल सरकारबाट बजेट माग गरी साक्षर गाउँपालिका घोषण गर्ने निर्णय गरेकोमा यस वर्ष पालिका सोही अनुसार साक्षरता गर्नको लागि पालिकामा रहेको ६ वटा सामुदायिक विकास केन्द्रलाई तोकेको छ। केन्द्रले डाटा कलेक्सन गरी कुल निरक्षर संख्या १२४६ सङ्कलन गरी सो मध्ये १२१५ जना सहभागी गरी प्रतिव्यक्ति साक्षरता बनाए बापत ६ केन्द्रलाई सर्शतबाट रु.८००००.० र पालिकाबाट रु.३५००००.० गरी रु.११५००००.० खर्च लेखेको छ। पालिकाले आर्थिक वर्ष ०७९।८० भित्र साक्षरता घोषणा गर्ने लक्ष्य लिएको भएतापनि आर्थिक वर्ष ०७९।८० भित्र साक्षरता घोषण नगरी आर्थिक वर्ष २०८०।८१ मा आएर साक्षरता घोषणा गरेको देखिन्छ।

| | |
|---|---|
| | सैद्धान्तिक बेरुजु |

५६ **दायित्व भुक्तानीः** आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायीत्व ऐन, २०७६ को दफा २७ मा प्रचलित कानुन बमोजिम नेपाल सरकारलाई प्राप्त हुने राजस्व तथा सरकारी रकम कार्यालयमा प्राप्त भएपछि सोही दिन वा सम्भव नभए सोको भोलिपल्ट जिम्मेवार व्यक्तिले तोकिए बमोजिमको ढाँचामा लेखा राखी बैङ्क दाखिला गर्नुपर्ने उल्लेख छ ।पालिकाले २७२ ले देखाए अनुसार विभिन्न शिर्षकबाट कट्टा गरेको रु. ६९३४।० दायित्व सम्बन्धित राजश्व खातामा जम्मा गर्नुपर्नेमा सो गरेको पाइएन। बाँकी कर दायित्व सम्बन्धित खातामा दाखिला भएको प्रमाण पेश गर्नुपर्ने रु.

| | | |
|---|---|---|
| | प्रमाण पेश नगरेको | ६,९३४ |

५७ **स्वास्थ्यतर्फ**

५७.१ **तालिम तथा अन्य कार्यक्रमः** आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(८) बमोजिम स्वीकृत कार्यक्रम अनुसार सञ्चालित तालिम, सेमिनार, गोष्ठी तथा कार्यशाला जस्ता कार्यक्रम सम्पन्न भइसकेपछि त्यस्तो कार्यमा भएको खर्च, खरिद गरिएको मालसामानको विवरण तथा विल भरपाई सहित कार्यक्रममा उपस्थित तथा कार्यक्रमबाट

लाभान्वित व्यक्तिको संख्या र उपस्थिति समेत समावेश गरी प्रतिवेदन तयार गरी अधिकार प्राप्त अधिकारीबाट स्वीकृत गराउनुपर्ने व्यवस्था छ। पालिकाले यस वर्ष सञ्चालन पेश्की लिई सञ्चालन गरेको स्वास्थ्य तथा अन्य कार्यक्रममा नियमावलीले निर्देश गरे अनुसारको प्रतिवेदन तयार गरी अधिकार प्राप्त अधिकारीबाट स्वीकृत नगराई कार्यक्रम तथा तालिम गर्ने गरेको छ। पालिकाले नियमावली अनुसार तालिम तथा कार्यक्रम गर्नेतर्फ ध्यान दिनुपर्दछ ।

सैद्धान्तिक बेरुजु

५७.२ **हात्तिपाइले रोग निर्वारण कार्यक्रमः** स्थानीय तह कार्यक्रम सञ्चालन मार्गदर्शन, २०७९ अनुसार नेपालबाट सन् २०३० सम्म हात्तीपाईने रोग निर्वारण गर्ने लक्ष्य अनुरुप नेपाल सरकारद्धारा सबै हात्तीपाइले रोग प्रभावित जिल्लाहरुमा आम औषधि सेवन अभियान कार्यक्रम मिति २०७९।११।११ देखि २०७९।११।३० सम्म सञ्चालन भएकोमा पालिकाको औषधि खुवाउनुपर्ने कुल जनसंख्या मध्ये औषधि खुवाउनुपर्ने जम्मा २९४४८ जनामा २४७११ लाई औषधि खुवाएको छ ४७३७ जनालाई अझै बाँकी रहेको देखिन्छ । यस सम्वन्धमा देखिएको व्यहोरा निम्न छ ।

| **उमेर समुह** | **महिला** | **पुरुष** | **जम्मा** |
|---|---|---|---|
| २ देखि ५ वर्ष | ११३८ | १२४४ | २३८२ |
| २ देखि ५ वर्ष | ३२६२ | ३२८५ | ६५४७ |
| १५ वर्ष बढी | ७९२६ | ७८५६ | १५७८२ |
| **जम्मा** | **१२३२६** | **१२३८५** | **२४७११** |

- हात्तिपाइलेको औषधि खुवाएको संख्या मध्ये ३४ महिला र २७ पुरुष गरी जम्मा ६१ लाई पेट दुख्ने, वाकवाँकी लाग्ने, रिङ्टा लाग्ने, ज्वरो आउने चिलाउने डावर आउने, गर्खा आउने, सुनिने जस्ता भएको देखिन्छ।
- हात्तिपाइले अभियानको लागि २९२०० अल्बेन्डाजोल र ७०००० डाईइड्राथाइलकार्बामाजिन (DEO) प्राप्त गरेकोमा २४८४५ अल्बेन्डाजोल र ६२८२८ डाईइड्राथाइलकार्बामाजिन (DEO) खर्च भएको देखिन्छ । बाँकी रहेको औषधिको विवरण के कस्तो अवस्थामा रहेको छ खुलाएको छैन् ।

सैद्धान्तिक बेरुजु

५७.३ **तथ्याङ्क संकलनः** स्थानीय तह मार्फत् सञ्चालन हुने कृषि पशुपन्छि तथा मत्स्य तथ्याङ्क सम्वन्धि कार्यक्रम कार्यान्वयन

मार्गदर्शन २०७७ को दफा ८.१ मा सशर्त हस्तान्तरित कार्यक्रम तथा बजेटको कार्यान्वयन अवस्थाको चौमासिक एव वार्षिक प्रगति विवरण अनुसूची ६ मा उल्लेख गरिएको फर्मेटमा स्थानीयतहले संघीय कृषि तथा पशुपन्छी विकास मन्त्रालयमा पठाउनु पर्ने उल्लेख गरेकोमा पालिकाले यस वर्ष कृषि तथा पशुपन्छि तथ्याङ्क अध्यावधिक गर्नको लागि रु १०००००।० खर्च लेखेकोमा अनुसुचि ६ बमोजिमको फरमेंटमा चौमासिक तथा वार्षिक प्रगति विवरण पठाइएको पाइएन। पालिकाले अनुसूची ६ बमोजिमको फरमेंटमा चौमासिक तथा वार्षिक प्रगति विवरण पठाउनुपर्दछ ।

| सैद्धान्तिक बेरुजु |
|---|

५७.४ **न्यानो झोला कार्यक्रम-** ५५।०७९।९।१, स्वास्थ्य तथा जनसंख्या मन्त्रालयबाट जारी गरेको आर्थिक वर्ष २०७८।७९ मा सशर्त अनुदानतर्फ स्थानीय तहबाट सञ्चालन गरिने कार्यक्रमहरुको मार्गदर्शन, २०७८ को दफा १३ (पृष्ठ-१५९) मा प्रसुतिका आधारमा अनुमान गरी न्यानो झोलाको लागि पालिकाले सार्वजनिक खरिद ऐन र नियमावली अनुसार तोकिएको स्पेशिफिकेशन अनुसार खरिद गरी सो अनुसार गुणस्तर भए नभएको आधिकारिक तहबाट गुणस्तर परीक्षण गर्नु पर्ने व्यवस्था छ । यस पालिका अन्तर्गतका १ बर्थिङ सेन्टरमा गत वर्षको विवरण उपलब्ध गराएको छैन भने यस वर्ष २२२ थान को रु.१९९४३३।० मा खरिद गरेकोमा गत वर्षको केही संख्या गरी यस वर्ष मंसिरसम्म ११८ जना मात्र प्रसुति भएको अभिलेखबाट देखिन्छ। साथै खरिद भएका त्यस्ता झोलाहरु तोकिएको स्पेशिफिकेशन अनुसार गुणस्तर भए नभएको आधिकारिक तहबाट परीक्षण गरेको देखिएन । तसर्थ माग र आवश्यकताको वस्तुनिष्ठ आङ्कलन गरी गुणस्तरीय झोला खरिद गर्नुपर्दछ। लामो समय भण्डारण गर्दा सोको गुणस्तरमा ह्रास आउने हुनाले त्यसतर्फ समेत पालिकाले ध्यान दिनुपर्दछ।

| सैद्धान्तिक बेरुजु |
|---|

५७.५ **औषधि खरिद –** पालिकाकालाई आवश्यक पर्ने औषधि पालिकाबाट खरिद गर्नुपर्ने र तालुक निकायबाट प्राप्त हुने परिमाण यकिन गरी वार्षिक आवश्यकताको परिणाम विवरण तयार गरी पुल सिस्टमको आधारमा आपूर्ति व्यवस्थापन गर्नु पर्दछ । यसवर्ष पालिकाले शसर्त चालु शिर्षकबाट मुक्तिनाथ मेडिको फर्माबाट रु १७५५४४३।० को ३४ प्रकारका औषधि खरिद गरेको देखिन्छ । आपूर्ति हुने औषधि तथा औषधिजन्य सामाग्रीको प्रयोग र मौज्दात समेत यकिन भएन। अतः पालिकाले औषधि खरिद, उपयोग र मौज्दातको अवस्था यकिन गरी औषधि खरिदलाई व्यवस्थित बनाउनुपर्दछ।

| सैद्धान्तिक बेरुजु |
|---|

५७.६ **आमा तथा नवजात शिशु कार्यक्रमः** २४६।०८०।३।३१, आमा तथा नवजात शिशु सुरक्षा कार्यक्रम निर्देशिका, २०७८ को अनुसुचि २ मा सेवाग्राही महिलालाई संस्थागत प्रसुति सेवा लिए बापत यातायात खर्च रु १०००।० र प्रोटोकल अनुसार ४ पटक गर्भवती जाँच गराए बापत रु ८००।० गरी जम्मा १८००।० तथा संस्थालाई सेवा दिए बापत रु २५००।० उपलब्ध गराउने व्यवस्था छ । पालिकाले आमा तथा नवजात शिशु कार्यक्रमका लागि रु.४३२०००।० स्वास्थ्य संयोजक श्री ओम प्रकाश चौधरीलाई दिएको छ । सो लिएको पेश्की फस्यौंटको श्रेस्ता परिक्षण गर्दा श्रवणबाट मंसिरसम्म ११८ सुत्केरी भएको देखिन्छ । सोही सुत्केरीको आधारमा प्रति सुत्केरी यातायात खर्च बापत रु ११८०००।० र

संस्थालाई रु २९५०००।० गरी रु ४१३०००।० मात्र पेश्की फस्यौंट गर्नुपर्नेमा रु ४३२०००।० फस्यौंट गरेकोले बढी फस्यौंट भएको रु १९०००।० दाखिला गर्नुपर्ने रु

| | |
|---|---|
| असुल गर्नुपर्ने | १९,००० |

## ५८ कृषितर्फ

५८.१ **पकेटको न्यूनतम आधारः** प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना परियोजना कार्यान्वयन निर्देशिका, २०७७ को दफा ४.१.४ मा साना व्यवसायिक उत्पादन कृषि केन्द्र(पकेट) विकास कार्यक्रम सञ्चालनको लागि भौगोलिक क्षेत्रको आधारमा बाली वस्तु अनुसार निर्देशिकाको तालिका १ मा उल्लेख भए बमोजिमको न्यूनतम क्षेत्रफल वा संख्याको आधार पुरा गर्नुपर्ने व्यवस्था छ । सो अनुसार भए नभएको पालिकाले उल्लेख गरेको छैन् ।

| |
|---|
| सैद्धान्तिक बेरुजु |

५८.२ **पकेट निर्माणः** प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना परियोजना कार्यान्वयन निर्देशिका, २०७७ को दफा ४.१.३ मा पकेट निर्माण गर्न चाहने कृषक/उद्यमी/समूह/सहकारीले भौगिलिक तथा प्रविधिक संभाव्यताको आधारमा सम्बन्धित स्थानीय तहमा निवेदन दिन सक्नेछन र प्राप्त निवेदनहरुमा प्राविधिक समितिले अध्ययन गरी पेश गरेको प्रतिवेदनको आधारमा पकेट क्षेत्र निर्धारण गर्नुपर्नेछ। सो अनुसार भए नभएको प्रतिवेदन तयार गरेको छैन् ।

| |
|---|
| सैद्धान्तिक बेरुजु |

५८.३ **अनुगमन तथा मूल्याङ्कनः** प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना परियोजना कार्यान्वयन निर्देशिका, २०७७ को दफा ४.१.१३ मा परियोजना कार्यान्वयन इकाई, प्रदेश सरकार अन्तर्गतको निकाय र स्थानीय तहले पकेट विकास कार्यक्रम अन्तर्गत संञ्चालित क्रियाकलापहरुको एकल वा पकेट क्षेत्रका लाभग्राही एवं सरोकारवालाहरुको सहभागितामा संयुक्त अनुगमन तथा मूल्याङ्कन गर्नुपर्ने तथा स्थानीय तह र पकेट सञ्चालन समन्वय समितिले पकेट कार्यक्रमको सार्वजनिक सुनुवाईका लागि सहजीकरण गर्नुपर्ने व्यवस्था छ । पालिकाले यस वर्ष निम्न समितिलाई पकेट अनुदान निकासा गरेकोमा सार्वजनिक सुनुवाई गरेको पाइएन । अतः पालिका र पकेट सञ्चालन समिति समन्वय गरी सार्वजनिक सुनुवाई गर्नुपर्दछ ।

| **भौ.नं. र मिति** | **फर्म** | **विवरण** | **अनुदान रकम** |
|---|---|---|---|
| १००।०७९।१२।७ | हरियाली कृषक समुह वारागढी ४ | मकै पटक | ५९९७०९ |
| १२९।०८०।१।२४ | आदर्श कृषक समुह | धान पकेट | ५९८९९२ |

| | | | |
|---|---|---|---|
| १७१।०८०।३।१२ | परिचालन कृषि सहकारी संस्था लि | धान पकेट | ५६३२९३ |

| सैद्धान्तिक बेरुजु |
|---|

५८.४ **कार्यक्रमको लक्षित समुदायः** प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना परियोजना कार्यान्वयन निर्देशिका, २०७७ को दफा ४.१.९.१ (क) मा स्थानीय तहले सार्वजनिक सूचना प्रकाशन गरी तोकिएको पकेट क्षेत्रका स्थानीय तह वा अन्य सरकारी निकायमा नियमानुसार दर्ता भएका कृषक समूह, कृषि कार्य गर्ने उदेश्यले दर्ता भएका सहकारी, नियमानुसार दर्ता भएका उपभोक्ता समिति कृषि फर्म वा कम्पनीहरु मध्येबाट इच्छुक लक्षित समुदाय वर्गलाई पकेट कार्यक्रममा सहभागी हुन अनुसुचि ९ बमोजिमको ढाँचामा आव्हान गर्ने तथा सोही आव्हान अनुसार पकेट कार्यक्रममा सहभागी हुने संस्था समुह कृषि फर्मले तोकेको वाली/वस्तुमा आधारित रही अनुसुची १० बमोजिमको ढाँचामा आवेदन पेश गर्नुपर्ने र प्राप्त आवेदनहरुको अनुसुची ११ बमोजिमको मूल्याङ्कनको आधारहरुमा प्राविधिक समितिले मूल्याङ्कन गर्ने र प्राप्त मूल्याङ्कनको स्थानीय तह समक्ष पेश गर्ने र स्थानीय तहले बजेटको आधारमा सिफारिस गरिएका लक्षित वर्षको आवेदन स्वीकृत वा अस्वीकृत गर्न सक्ने व्यवस्था छ । पालिकाले यस वर्ष १ वटा मकै र २ वटा धान पकेट समितिलाई ५० प्रतिशत अनुदानको लागि अनुदान दिएकोमा सोही ३ वटा समुहमात्र पकेट कार्यक्रमको लागि आवेदन दिएको देखिन्छ भने पालिकाले समेत सोही ३ पकेट समुहलाई छनौट गरेको देखिन्छ । जसले गर्दा मूल्याङ्कन निर्देशिका अनुसार भएको छ भन्ने आधार देखिंदैन ।

| सैद्धान्तिक बेरुजु |
|---|

५८.५ **कन्टन्जेन्सीः** प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना परियोजना कार्यान्वयन निर्देशिका, २०७७ को परिच्छेद ४ को ४.१.१०(क) मा स्वीकृत भएका लाभग्राहीसंग स्थानीय तहले सम्झौतका द्धिपक्षीय शर्तहरु बारे छलफल गरी संक्षिप्त कार्ययोजना सहित अनुसुचि १२ बमोजिम अनुदान दिनुपर्ने सो सम्झौता अनुसार अनुदान दिदाँ कन्टिन्जेन्सी रकम कट्टी गरेर मात्र भुक्तानी दिनुपर्नेमा व्यवस्था छ । पालिकाले यो वर्ष निम्न समूहलाई पकेट बापतको रकम भुक्तानी भएकोमा पकेट समुहलाई भक्तानी दिदाँ कन्टिन्जेन्सी रकम कट्टा नगरी अग्रिम कर मात्र कट्टी गरेकोले कन्टन्जेन्सी बापतको २ प्रतिशतले हुने रकम रु.४२६६१।० असुल गरी दाखिला गर्नुपर्ने रु.

| **भौ.नं. र मिति** | **फर्म** | **विवरण** | **अनुदान रकम** | **कन्टन्जेन्सी** |
|---|---|---|---|---|
| १००।०७९।१२।७ | हरियाली कृषक समुह वारागढी ४ | मकै पटक | ५९९७०९ | ११९९४ |
| १२९।०८०।१।२४ | आदर्श कृषक समुह | धान पकेट | ५९८९९२ | ११९७९ |
| १७१।०८०।३।१२ | परिचालन कृषि सहकारी संस्था लि | धान पकेट | ५६३२९३ | ११२६५ |

| | | | | |
|---|---|---|---|---|
| | | | **जम्मा** | **३५२३८** |

| | |
|---|---|
| असुल गर्नुपर्ने | ३५,२३८ |

५८.६ **अनुदानः** गाउँपालिकाले कर्षि तथा पशु शाखामा अनुदानको लागि कृषक, कृषक समुह, कृषक सहकारी संस्था छनौट तथा मूल्यांकन गर्न कार्यविधि तयार गरी सोही बमोजिम लाभग्राही छनौट तथा मूल्याङ्कन गर्ने कार्यहरु गर्नुपर्दछ । गाउँपालिकाले अनुदान कार्यक्रम सञ्चालन गरेकोमा कार्यविधि तयार नगरी लाभग्राही छनौट, कामको मुल्याङ्कन लगायत कार्य नगरी खर्च गरेको छ । कार्यविधि तयार नगरी कृषक छनौट गर्दा वास्तविक लाभग्राही छनोट भई लाभान्वित भए नभएको एकिन हुन सकेन पालिकाले धानवालीको साना व्यवसायीको लागि धानवाली प्रवर्द्धन कार्यक्रमको लागि निम्न भौचरबाट अनुदान दिएको छ । पालिकाले कार्यविधि निर्माण गरी लाभग्राही छनौट, मूल्याङ्कन, खर्च सम्बन्धि सम्पुर्ण कार्यविधि अनुसार गरी खर्च प्रभावकारी मितव्ययी तथा पारदर्शी गर्ने तर्फ ध्यान दिनुपर्दछ ।

| **भौ.नं. र मिति** | **विवरण** | **कार्यालयबाट भुक्तानी** |
|---|---|---|
| १७५।०८०।३।१३ | वडा नं ३,५ र ६ मा (२ एच.पि मोटर) ४१ थान वितरण ५० प्रतिशत अनुदान | ४९८०४७।० |
| २०२।०८०।३।२१ | वडा नं ६ मा स्यालो ट्युवेल जडा १५ थान वितरण ८५ प्रतिशत अनुदान | ८२७९५१।० |
| २०६।०८०।३।२१ | गाउँपालिकामा ५ केजीको दरले जिंक औषधि वितरण ५० प्रतिशत अनुदान | ३४००००।० |
| २०७।०८०।३।२१ | वडा नं ३ मा (१ एच.पि मोटर) ५३ थान वितरण ५० प्रतिशत अनुदान | ४९८३१०।० |

| |
|---|
| सैद्धान्तिक बेरुजु |

५९ **प्रधानमन्त्री रोजगार कार्यक्रम**

५९.१ **प्रधानमन्त्री रोजगार कार्यक्रम –** स्थानीय तहमा सूचीकृत बेरोजगार व्यक्तिलाई न्यूनतम रोजगारीको प्रत्याभूत गराउन एवम् सामूदायिक पूर्वाधारहरुको विकास मार्फत् नागरिकको जीवनयापनमा सुधार ल्याउने उद्देश्यले स्थानीय तहभित्र प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालनमा रहेको छ । यस कार्यक्रम व्यवस्थित रुपमा सञ्चालनका लागि प्रधानमन्त्री रोजगार कार्यक्रम

सञ्चालन निर्देशिका, २०७५ तयार गरेको छ । यस वर्ष पालिकाले निम्न ३ वटा वडामा १४ योजना सञ्चालन गरी निम्न श्रमिकलाई रोजगारी उपलव्ध गराई रु.५२६७८८३।०६ श्रमिक ज्याला खर्च लेखेको छ ।पालिकाका नियमित योजना र प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गतका योजना छनौट गर्दा योजना छनौटको आधार नखुलाएकोले दोहोरो परे नपरेको सम्बन्धमा स्पष्ट हुन सकिएन । योजनामा दोहोरो नहुने गरी योजना छनौट गरी कार्यान्वयन गर्नुपर्दछ । उक्त खर्चवाट लक्षित वर्गमा अल्पकालीन रोजगारी सृजना भए तापनि कामको दीगोपना तथा दीर्घकालीन रोजगारी सिर्जना भएको देखिंदैन। तसर्थ कार्यक्रम सञ्चालन निर्देशिका बमोजिम व्यवस्थित तवरले कार्य सञ्चालन गर्नुपर्दछ ।

| **वडा नं.** | **कार्यक्रम/योजना सञ्चालन** | **श्रमिक संख्या** | **रकम (कर बाहेक)** |
|---|---|---|---|
| ३ | यस बारागढी गाउँपालिका अर्न्तगत वडा नं १ देखी ६ सम्मका सबै वडामा कृषि बाटो निर्माण कार्य गर्ने | १६ | ६३९७७।७६ |
| १ | यस बारागढी गाउँपालिका अर्न्तगत वडा नं १ देखी ६ सम्मका सबै वडामा कृषि बाटो निर्माण कार्य गर्ने | १५ | ४२८४२।२५ |
| ४ | यस बारागढी गाउँपालिका अर्न्तगत वडा नं १ देखी ६ सम्म सिचाइका लागि कुलो तथा पैनिको निर्माण तथा मर्मत सम्भार गर्ने | १० | ५२५५३१।६० |
| १ | यस बारागढी गाउँपालिका अर्न्तगत वडा नं १ देखी ६ सम्म सिचाइका लागि कुलो तथा पैनिको निर्माण तथा मर्मत सम्भार गर्ने | १५ | ७७११६०।५० |
| २ | यस बारागढी गाउँपालिका अर्न्तगत वडा नं १ देखी ६ सम्म सिचाइका लागि कुलो तथा पैनिको निर्माण तथा मर्मत सम्भार गर्ने | १६ | ५३९२४१।१२ |
| २ | स बारागढी गाउँपालिका अर्न्तगत वडा नं १ देखी ६ सम्पुर्ण नालाहरुका सरसफाई तथा सोको व्यवस्थापन गर्ने कार्य | १६ | ३६५५८७।२० |
| ३ | स बारागढी गाउँपालिका अर्न्तगत वडा नं १ देखी ६ सम्पुर्ण नालाहरुका सरसफाई तथा सोको व्यवस्थापन गर्ने कार्य | १६ | ३६५५८७।२० |
| ३ | यस बारागढी गाउँपालिका अर्न्तगत वडा नं १ देखी ६ सम्म सिचाइका लागि कुलो तथा पैनिको निर्माण तथा मर्मत सम्भार गर्ने | १६ | ६३९७७७।६० |

| | | | |
|---|---|---|---|
| ६ | यस बारागढी गाउँपालिका अन्तर्गत वडा नं १ देखी ६ सम्म सिचाइका लागि कुलो तथा पैनिको मर्मत सम्भार गर्ने | १६ | ७८४२९८।७९ |
| ४ | यस बारागढी गाउँपालिका अन्तर्गत वडा नं १ देखी ६ सम्म सिचाइका लागि कुलो तथा पैनिको मर्मत सम्भार गर्ने | ५ | १२५६७०।६० |
| ६ | यस बारागढी गाउँपालिका अन्तर्गत वडा नं १ देखी ६ सम्मका सबै वडामा कृषि बाटो निर्माण कार्य गर्ने | १६ | २७४१९।०४ |
| **५** | यस बारागढी गाउँपालिका अन्तर्गत वडा नं १ देखी ६ सम्मका सबै वडामा कृषि बाटो निर्माण कार्य गर्ने | १९ | ६५१२०।२२ |
| ४ | यस बारागढी गाउँपालिका अन्तर्गत वडा नं १ देखी ६ सम्मका सबै वडामा कृषि बाटो निर्माण कार्य गर्ने | ५ | १३७०९५।२० |
| **५** | यस बारागढी गाउँपालिका अन्तर्गत वडा नं १ देखी ६ सम्म सिचाइका लागि कुलो तथा पैनिको मर्मत सम्भार गर्ने | १९ | ९९७३६७।५८ |
| | **जम्मा** | | **५२६७८८३।०६** |

सैद्धान्तिक बेरुजु

५९.२ **प्रगति समिक्षाः** प्रधानमन्त्री रोजगार कार्यक्रम निर्देशिका, २०७५ को दफा ७३(४) मा यस कार्यक्रमबाट भएको उपलब्धिको चौमासिक तथा वार्षिक समिक्षा गरी सोको प्रतिवेदन सार्वजनिक गर्नुपर्ने व्यवस्था छ । पालिकाले यस वर्ष प्रधानमन्त्री रोजगार कार्यक्रमबाट भएको उपलब्धी प्रगति समिक्षा गरेको पाइएन । पालिकाले आगामी आर्थिक वर्षमा चौमासिक तथा वार्षिक समिक्षा गरी प्रतिवेदन सार्वजनिक गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

५९.३ **सार्वजनिक सुनुवाईः** प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन निर्देशिका, २०७५ को दफा ७८ अनुसार वर्षको कम्तिमा एकपटक सार्वजनिक सुनुवाई गर्नुपर्ने व्यवस्था छ । पालिकाले यस वर्ष १४ योजना सञ्चालन गरेकोमा एकपटक पनि सार्वजनिक सुनिवाई गरेको पाइएन । अतः सार्वजनिक सुनुवाई गर्नुपर्दछ ।

| सैद्धान्तिक बेरुजु |
|---|

६० **सामाजिक सुरक्षातर्फ**

६०.१ **पारदर्शीता कायमः** सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि, २०७७ दफा ३२ मा स्थानीय तहको कार्यालयले लाभग्राहीको नाम दर्ता तथा नविकरण प्रकृया, भत्ताको दर, प्राप्त हुने बैङ्क, लाभग्राहीले पुरा गर्नुपर्ने प्रकृया जस्ता भत्ता सम्बन्धी जानकारी स्थानीय सामाजिक संघसंस्था, गैरसरकारी संस्था, सामाजिक परिचालनमा संलग्न संस्था समेतको सहयोग लिएर अनिवार्य रुपमा प्रचार प्रसार गर्नुपर्नेछ र त्यस्ता विषय सम्बन्धी सुचना स्थानीय एफ.एम लगायतका संचार माध्यमहरुबाट प्रचार प्रसार गर्ने व्यवस्था मिलाउनु पर्नेछ । स्थानीय तहले भुक्तानी गरेको रकम र बुझि लिने व्यक्तिको नामावली स्थानीय तहका कार्यालयका अतिरिक्त सम्बन्धित वडा कार्यालयमा समेत सार्वजनिक गर्नुपर्नेछ । भत्ता प्राप्त गर्ने लाभग्राहीको नाम नामावली सम्बन्धित स्थानीय तहको वेभसाइटमा राख्ने व्यवस्था मिलाउनु पर्ने व्यवस्था छ । तर पालिकाले भत्ता प्राप्त गर्ने लाभग्राहीको नाम नामावली सम्बन्धित स्थानीय तहको वेभसाइटमा राखेर सामाजिक सुरक्षा भत्तामा पारदर्शिता कायम गरेको देखिएन । अतः यस सम्बन्धमा कार्यविधिको प्रावधान अवलम्बन गरी सामाजिक सुरक्षा भत्ता वितरण कार्य पारदर्शी बनाउनु पर्दछ ।

| सैद्धान्तिक बेरुजु |
|---|

६०.२ **रकम भिडान** - सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को परिच्छेद ५ मा सामाजिक सुरक्षा भत्ता वितरण बैङ्कमार्फत गर्नुपर्ने व्यवस्था छ। कार्यविधिको दफा २६ मा कुनै आर्थिक वर्षमा सामाजिक सुरक्षा कार्यक्रमका लागि निकासा भएको रकम सो आर्थिक वर्षमा खर्च नभए सङ्घीय सञ्चित कोषमा फिर्ता गर्नुपर्ने व्यवस्था छ। यस पालिकाले निम्नानुसार १ वटा बैङ्कमार्फत सामाजिक सुरक्षा भत्ता वितरण गर्दै आएको देखिन्छ। लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार प्रथम, दोस्रो, तेस्रो र चौथो त्रैमासिक भत्ता बैङ्कलाई निकासा भएको रु.१०३४४३७२८.०० रकममध्ये बैंकले वितरण गरी बाँकी रकम संघीय सञ्चित कोष खातामा रु.१७८०८२।७७ जम्मा गरेको देखिन्छ। पालिकाले निष्क्रिय खातामा रहेको रकम र बैङ्क Statement माग गरी भिडान गर्नुपर्दछ ।

| सैद्धान्तिक बेरुजु |
|---|

६०.३ **अनुगमन तथा निरीक्षण** : सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि, २०७७ को दफा २७ मा गाउँ कार्यपालिकाका अध्यक्ष वा नगर कार्यपालिकाका प्रमुखले वा स्थानीय तहका प्रमुख प्रशासकीय अधिकृतले भत्ता वितरण कार्य प्रक्रियाको निरीक्षण तथा अनुगमन गर्नुपर्ने व्यवस्था छ। तर पालिकाले सामाजिक सुरक्षा भत्ता वितरण सम्बन्धी कार्यमा प्रभावकारी रुपमा अनुगमन तथा निरीक्षण गरेको देखिएन। अतः पालिकाले यस सम्बन्धमा अनुगमन तथा निरीक्षण गरी भत्ता वितरण कार्य समयमा नै सम्पन्न गर्न पहल गर्नुपर्दछ।

| सैद्धान्तिक बेरुजु |
|---|

## अनुसूचीहरू

**अनुसूची - १**

## आर्थिक कारोबारको स्थिति

आर्थिक बर्षः २०७९/८०

कार्यालय र स्थान : बारागढी गाउँपालिका, खोपवा, बारा ।

| **पद** | **नाम** | **कार्यकाल सुरु मिति** | **कार्यकाल समाप्त मिति** |
|---|---|---|---|
| कार्यालय प्रमुख | सुनिल प्रसाद कशरी | २०८०-५-२९ | हाल सम्म कार्यरत |
| लेखा प्रमुख | अजय चौधरी | २०७७-४-१ | हाल सम्म कार्यरत |

बेरुजु वर्गीकरणः

| असूल गर्नुपर्ने | अनियमित भएको | प्रमाणका कागजात पेश नभएको | जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा पेश्की |
|---|---|---|---|---|---|
| ३७८,७४८.१८ | २,३९८,२५० | ७,९०९,७२८.५४ | ० | ० | ५००,००० |
| **प्रारम्भिक प्रतिवेदनबाट देखिएको बेरुजू रु.** | | | | | ११,१८६,७२६.७२ |
| **प्रारम्भिक प्रतिवेदन उपर फछ्यौंट गरी संपरीक्षण भएको रकम रु.** | | | | | १,२००,००० |
| **संपरीक्षणबाट थप भएको बेरुजू रु.** | | | | | ० |
| **लेखापरीक्षण प्रतिवेदनमा कायम बेरुजू रु.** | | | | | ९,९८६,७२६.७२ |

स्थानीय तह :

| **गत बर्षको जिम्मेवारी** | ८३०२२०९९ | |
|---|---|---|
| **आम्दानी** | **खर्च** | |

| | | | |
|---|---|---|---|
| **संघीय सरकारबाट अनुदान** | २६४७१४००० | **चालु खर्च** | २०८०२४५६३ |
| **प्रदेश सरकारबाट अनुदान** | २०६७९००० | **पूँजीगत खर्च** | ११४१२२६१९ |
| **राजश्व बाँडफाँट** | ६४६८४४०५ | **वित्तीय/अन्य व्यवस्था** | १५७१८०७९३ |
| **आन्तरिक आय** | २८६०४७४.० | | |
| **अन्य आय** | १३३८३५६३३ | | |
| **कुल आय** | ४८६७७३५१२ | **कुल खर्च** | ४७९३२७९७५ |
| **बाँकी मौज्दात** | | ९०४६७६३६ | |

**नोटः** प्रारम्भिक लेखापरीक्षण प्रतिवेदन (PAR) र अन्तिम लेखापरीक्षण प्रतिवेदन (FAR) मा जारी भएको दफाको क्रम संख्या हेरफेर हुन सक्नेछ ।